
बाइबल
शिक्षण
सृंखला



परमेश्वरले हामी र यो संसार
कसरी सृजना गर्नु भयोभन्ने बारे
स्वअध्ययन पाठ्यक्रम

# परमेश्वरले हाम्रो संसार सृजना गर्नुहुन्छ

# परमेश्वरले हाम्रो संसार सृजना गर्नुहुन्छ

परमेश्वरले हामी र यो संसार
कसरी सृजना गर्नु भयो
भन्ने बारे स्वअध्ययन पाठ्यक्रम

Multi-Language Productions

Bringing the Word to the World

Original text produced by the Institutional Ministries Committee of the Commission on Special Ministries of Wisconsin Evangelical Lutheran Synod

Copyright © 2009

Text adapted by Multi-Language Productions of the Wisconsin Evangelical Lutheran Synod

Printed in 2009

All cover and black and white illustrations are the work of Glenn Myers. Rights to Glenn Myers' illustrations reserved by Northwestern Publishing House.

Book 17

# विषय सूची


थालनी १

उत्पत्तिको पुस्तक
अध्याय १, २ र ३ ३

अध्याय १ : ७
त्रिएक परमेश्वर द्वारा संसारको श्रृष्टि

अध्याय २ : १९
पुरुष र महिला ईश्वरको सर्वोत्कृष्ट सृजना

अध्याय ३ : २९
स्वर्गदूत र दुष्टहरु संसारका अंश हुन्

अध्याय ४ : ४०
पाप कर्मले परमेश्वरको असल श्रृष्टि दुषित पार्छ

अध्याय ५ : ५६
परमेश्वरले वचन दिनुभयो र पापबाट मुक्ति दिन उद्धारकर्ता पठाउनुभयो

शब्द संग्रह ८०

अध्याय - परिक्षाका उत्तरहरु ८२

अन्तिम परिक्षा ८३

# थालनी

हामी, महिला, र पुरुष र हाम्रो संसार कसरी उत्पत्ति भयो भन्ने बारे मानिसहरु धेरै प्रश्न गर्ने गर्छन् । यो पुस्तकले यो कसरी भयो भन्ने कुरा प्रस्ट बताउँछ । यो संसार ईश्वरले सृजना गर्नुभएको हो । महिला र पुरुष पनि परमेश्वरले नै सृजना गर्नुभएको हो । यो

पुस्तकको पाठहरु पढ्नुहोस र तपाईंले हामी र हामी बस्ने संसारको बारेमा राम्रो जानकारी पाउनुहुनेछ ।

प्रत्येक पाँच अध्याय एउटा उद्धेश्य सुचीबाट सुरु हुन्छ जुन चाहिं तारा चिन्हले (*) जनाइएको छ । यि उद्धेश्यहरुले तपाईंले त्यो अध्यायमा के सिक्नुहुन्छ भन्ने बारे जानकारी दिन्छन् । हरेक अध्यायभित्र तपाईंले उत्तर दिनको निम्ति केही प्रश्नहरु छन् । हरेक अध्यायको अन्त्यमा एउटा छोटो परिक्षा पनि छ ।

यदि तपाईंले ध्यान दिएर पाठ पढ्नुभएको छ भने छोटो परिक्षाको प्रश्नको उत्तर दिन सक्नुहुन्छ । यदि तपाईं अध्यायको सुरुवातमा फर्कनु भयो र उद्धेश्य परीक्षण गर्नु भयो भने तपाईंले यो अध्यायमा भएका उद्धेश्यहरु बारे के सिक्नु भयो भन्ने थाहा पाउनुहुनेछ ।

प्रत्येक प्रश्नावली तथा प्रत्येक अध्यायको परीक्षा पछाडि तपाईं पृष्ठ संख्या पाउनु हुनेछ जहाँ ती प्रश्नका सही उत्तरहरु दिइएका हुनेछन् । अगाडि पढ्नु भन्दा पहिले आफ्नो प्रत्येक उत्तर परीक्षण गर्नुहोस र बुझ्नुहोस । पुस्तकको अन्त्यमा एउटा अन्तिम परीक्षा राखिएको छ । अन्तिम परीक्षा दिनु अघि पहिले दिएका अध्याय-परीक्षा दोहोर्‍याउनुहोस् ।

जब तपाईं अन्तिम परीक्षा समाप्त गर्नुहुन्छ, यो पुस्तक जस्ले दिएको हो वहाँ संग सम्पर्क गर्नुहोस वा पुस्तकको पछिल्तिर दिएको ठेगानामा पत्राचार गर्नुहोस ।

सर्वशक्तिमान परमेश्वरको वचनद्वारा यो संसार र मानव जातिको कसरी सृष्टि संभव भयो भन्ने बारे पूर्ण ज्ञान लिनको निम्ति परमेश्वरले तपाईंलाई सहायता प्रदान गरुन् ।




परमेश्वरले एउटा अखण्ड संसार सृष्टि गर्नु हुन्छ ।

# उत्पति

## १

### प्रारम्भ

१. आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो । २. पृथ्वी आकार बिनाको र सुन्य थियो ।अथाह समुन्द्रमाथी अन्धकार थियो र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दै हुनुहुन्थ्यो ।

३. अनि परमेश्वरले भन्नुभयो, "उज्यालो होस् , " तब उज्यालो भयो । ४. अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो र त्यो असल थियो । उहाँले उज्यालो र अध्यारोलाई अलग अलग पार्नुभयो । ५. परमेश्वरले उज्यालोलाई "दिन" र अँध्यारोलाई "रात" भन्नुभयो । साँझ पऱ्यो र विहान भयो । यो पहिलो दिन थियो ।

६. परमेश्वरले भन्नुभयो, " पानीका बिचमा एक क्षेत्र होस र त्यसले पानीलाई दुई भाग गरोस ।" ७ परमेश्वरले सो क्षेत्र बनाएर षेत्र मुनी र माथीको भागलाई अलग अलग गर्नुभयो । तब त्यस्तै भै हाल्यो । ८ परमेश्वरले त्यस अन्तरिक्ष्लाई आकाश भन्नुभयो ।
९. परमेश्वरले भन्नुभयो, "आकाश मुनीको सारा पानी एक ठाउँमा जम्मा होस् । सुख्खा भूमि देखा परोस । अनि त्यहि नै भयो । १०. परमेश्वरले त्यो सुख्खा भूमिलाई "पृथ्वी" भन्नुभयो । उहाँले जम्मा भएको पानीलाई समुन्द्र भन्नुभयो । उहाँले त्यसलाई असल देख्नुभयो । ११. परमेश्वरले भन्नुभयो, पृथ्वीले बोट विरुवा पैदा गरोस् । तिनीहरुले आफ्नै बिऊ उमारुन् । जमिनमा रुखहरु हुन् जसले बिऊ भएका फल पैदा गरुन् । प्रत्येक बोट विरुवा वा रुखको आ-आफ्नो किसिमको विऊ होस् । अनि त्यहि नै भयो । १२. पृथ्वीले बोट विरुवा पैदा गऱ्यो । प्रत्येक बोट विरुवाका आफ्नै किसिमका बिऊ थिए । पृथ्वीले रुखहरु पैदा गऱ्यो जसका फलमा त्यसै किसिमका बिऊ थिए । प्रत्येक खालका रुखका आफ्नै किसिमका बिऊ थिए । परमेश्वरले यो असल देख्नुभयो ।

१३. अनि साँझ पऱ्यो र विहान भयो । यो तेस्रो दिन थियो ।

१४.परमेश्वरले भन्नुभयो, "खुल्ला आकाशको अन्तरमा उज्यालो होस् । त्यस उज्यालोले दिन र रात अलग पारोस् । त्यसले ऋतुहरु, दिन र वर्ष छुट्याउने चिन्हको काम गरोस् । १५. त्यो ज्योतिले आकाशको अन्तर र पृथ्वीलाई उज्यालो पारोस् । " अनि त्यहि नै भयो । १६. परमेश्वरले दुईटा विशाल ज्योतिको सृजना गर्नुभयो । उहाँले ठूलो ज्योतिलाई दिनमाथि राज्य गर्न भन्नुभयो र सानो ज्योतिलाई रातमाथि राज्य गर्न भन्नु भयो । उहाँले ताराहरु पनि बनाउनुभयो । १७. परमेश्वरले पृथ्वीमा उज्यालो दिनको लागि आकाशको अन्तरमा ज्योति राख्नुभयो । १८. उहाँले त्यो ज्योति दिन र रातमाथि राज्य गर्नको लागि राख्नुभयो । उहाँले उज्यालोलाई अन्धकारबाट छुट्याउनको लागि त्यो ज्योति राख्नुभयो र त्यसलाई असल देख्नुभयो ।

१९.साँझ पऱ्यो र विहान भयो । यो चौथो दिन थियो ।

२०.परमेश्वरले भन्नु भयो, "प्राणी मात्रले समुद्र भरिपूर्ण होस् । पंक्षीहरुचाहि आकाशमा उडुन् । " अनि परमेश्वरले समुद्रका विशाल जीव जन्तुहरु सृजना गर्नुभयो । उहाँले पानीमा बस्ने र चल्ने हरेक जीवको श्रृष्टि गर्नुभयो । उहाँले सबै उड्ने चरा चुरुङ्गीको श्रृष्टि गर्नुभयो । उहाँले त्यो असल देख्नुभयो । २२.परमेश्वरले तिनीहरुलाई आशिस दिनुभयो । उहाँले भन्नुभयो, "तिमीहरुका सन्तान धेरै हुन् । समुद्रको पानीमा सर्वत्र होऔ । पृथ्वीमा धेरै भन्दा धेरै चराहरु हुन् । " २३. साँझ पऱ्यो र विहान भयो । यो पाँचौ दिन थियो ।

२४.परमेश्वरले भन्नुभयो, "पृथ्वीले सबै किसिमका पशुपंछी पैदा गरोस् । गाईवस्तु हुन्, जीव जन्तु हुन्, जमिनमा हिंड्ने जन्तु र जंगली जनावरहरु पनि हुन्। यी धेरै किसिमका हुन् । अनि त्यहि नै भयो । २५.परमेश्वरले सबै प्रकारका जंगली जनावरहरुको सृजना गर्नुभयो । उहाँले सबै प्रकारका गाईवस्तुको श्रृष्टि गर्नुभयो । उहाँले

त्यो असल देख्नुभयो । २६. अनि परमेश्वरले भन्नु भयो, "मेरो स्वरुपको मान्छे बनोस् । तिनीहरुले पानीका माछा र आकाशका चरा माथि राज्य गरुन् । तिनीहरुले गाईवस्तु माथि र सम्पूर्ण जगतमा राज्य गरुन् । तिनीहरुले जमिनमा चल्ने सारा प्राणी माथि राज्य गरुन् ।

२७. अनि परमेश्वरले आफ्नै स्वरुपमा मानव जातिको श्रृष्टि गर्नुभयो । उहाँले महिला र पुरुषको श्रृष्टि गर्नुभयो ।

२८.परमेश्वरले तिनीहरुलाई आशिस दिनुभयो । उहाँले भन्नुभयो, "तिमीहरुका सन्तान धेरै हुन् । पृथ्वीमा सर्वत्र हुनू र राज्य गर्नू । तिमीहरुले पानीका
माछा र आकाशका चरा माथि राज्य गर्नू । तिमीहरुले जमिनमा हिंड्ने सम्पूर्ण जीव-जन्तुमाथि राज्य गर्नू ।"

२९.तव परमेश्वरले भन्नु भयो, "म तिमीहरुलाई यो संसारको सबै विऊ दिने बोट विरुवा दिंदै छु । यी सबै तिमीहरुका भोजनको निम्ति हुन् । ३०.म सम्पूर्ण जमिनका जनावरहरु र आकाशका चराहरुलाई हरियो बोट विरुवा भोजको निम्ति दिँदैछु । म जमिनमा हिंड्ने सम्पूर्ण जीव जन्तुको निम्ति पनि बोट विरुवा दिँदैछु । प्रत्येक स्वास फेर्ने प्राणीको निम्ति यी चिजहरु दिँदैछु । अनि यहि नै भयो । ३१. परमेश्वरले आफूले बनाउनु भएको सबै चिज देख्नुभयो । अनि ती असल थिए । साँझ पऱ्यो र विहान भयो । यो छैठौं दिन थियो ।

# २

१. यस प्रकारले आकास र पृथ्वी र यस भित्रका सारा चिजको सृजना भयो । २.सातौं दिनमा परमेश्वरको श्रृष्टिको काम समाप्त भयो । यस सातौं दिनमा उहाँले सम्पूर्ण कामबाट आराम लिनुभयो । ३. परमेश्वरले सातौं दिनलाई आषिश दिनुभयो र यसलाई पवित्र बनाउनुभयो । उहाँ यस दिनमा आराम गर्नुभयो । सबै श्रृष्टि पश्चात उहाँले सबै कामबाट आराम लिनुभयो ।

**आदम र हव्वा**

४.यो कथा पृथ्वी र आकासको सृजनाको हो । परम परमेश्वरले आकास र पृथ्वीको सृष्टि गर्नुभयो । ५.त्यस समयमा पृथ्वीमा बोट विरुवा थिएनन् । बारिमा वाली थिएन । परम परमेश्वरले पृथ्वीमा पानी पठाउनु भएको थिएन । अनि बारिमा काम गर्ने किसान थिएनन् । ६.पृथ्वीबाट पानीको मुहान फुट्यो । त्यस पानीले सारा जमिन भिजायो ।

७. तब परम परमेश्वरले मानिसको श्रृष्टि गर्नुभयो । उहाँले जमिनको धुलोबाट मानिसलाई बनाउनुभयो । उहाँले जीवनको श्वास मान्छेमा फुक्नुभयो । अनि मान्छे जिवित प्राणी बन्यो ।

८.परम परमेश्वरले पूर्वमा एउटा बगैंचा लगाउनु भएको थियो । यो बगैंचा इडनमा थियो । त्यहाँ आफूले बनाउनु भएको मान्छेलाई राख्नुभयो । ९. परम परमेश्वरले जमिनबाट विभिन्न प्रकारका रुखहरु उमार्नुभयो । तिनका फलहरु हेर्नमा सुन्दर र खानमा मीठा थिए ।

बगैचा बिचमा संजीवनी रुख थियो । असल र खराव छुट्याउन ज्ञान दिने रुख पनि त्यहाँ थियो ।

१०. एउटा नदीले बगैंचा सिंचित गऱ्यो । यो नदी इडनबाट बग्थ्यो । त्यहाँबाट यो नदी चारवटा साना नदीहरुमा विभाजित हुन्थ्यो ।

११.पहिलो नदीको नाम पिसन हो । यो हविलाको सारा भुभागबाट बग्छ । त्यहाँ सुन पाइन्छ । १२.त्यो ठाँउको सुन असल छ । त्यहाँ हीरा र बास्नादार खोटो पनि पाइन्छ ।

१३ दोस्रो नदीको नाम गोओन हो । यो कुशको भुभागवाट बग्छ । १४ तेस्रो नदीको नाम टिग्रिस हो । यो असुरको पुर्वी भागवाट बग्छ । चौथो नदीको नाम उफ्रेटस हो ।

१५ परम परमेश्वरले मान्छेलाई इडनमा राख्ननुभयो । उहाँले मान्छेलाई त्यस बगैचामको गोडमेल र रेखदेखको लागि राख्नुभयो ।

१६ परम परमेश्वरले त्यो मान्छेलाई आज्ञा दिनुभयो । उहाँले भन्नुभयो, "तिमीले बगैंचामा भएको कुनैपनि रुखको फल खान सक्छौ । १७ तर तिमीले ज्ञानको रुखको फल नखानु । यदि तिमीले त्यसको फल खायौ भने तिमी मर्ने छौ"।

१८.परम परमेश्वरले भन्नुभयो "मान्छे एक्लै हुनु राम्रो होइन । म एउटा सहयोगीको सृजना गर्नेछु जो उपयुक्त हुनेछ" ।

१९.परम परमेश्वरले सबै प्रकारका जंगली जनावरहरु बनाइसक्नुभएको थियो । उहाले आकासका सारा चराहरु पनि वनाइसक्नुभएको थियो । उहाँले यी सबैलाई जमिनबाटै बनाउनु भएको थियो । उहाँले यी सबैलाई मान्छेको अगाडि नामाकरणको लागि ल्याउनुभयो । अनि त्यो मान्छेले दिएको प्राणीहरुको नाम नै तिनीहरुको नाम बन्यो ।

२०. त्यसरी नै त्यस मान्छेले गाईबस्तुको नाम पनि राख्यो । उसले आकासका सम्पूर्ण चराहरुको नाम पनि राख्यो । उसले सारा जंगली जनवारहरुको पनि नाम राख्यो ।

तर आदमले आफूलाई उपयुक्त हुने कुनै सहयोगी पाएन ।

२१. अनि परम परमेश्वरले मान्छेलाई घोर निन्द्रामा राख्नुभयो । जब त्यो मान्छे निन्द्रामा थियो, परम परमेश्वरले उसको एउटा करङ् झिक्नुभयो । उहाँले उसको शरीरको घाउ बन्द गर्नुभयो ।

२२. अनि परम परमेश्वरले एउटा महिला सृजना गर्नुभयो । उहाँले त्यस मान्छेबाट निकालेको करङ्बाट यस महिलाको सृजना गर्नुभयो । उहाँले यस महिलालाई त्यो मान्छेको समक्ष ल्याउनुभयो ।

२३. त्यो मान्छेले भन्यो,"उनको हड्डि मेरो हड्डिबाट आएको हो । उनको शरीर मेरो शरीर बाट उत्पन्न भएको हो । उनलाई महिला भनिन्छ । किनभने उनलाई पुरुषबाट पैदा गरिएको हो" ।

२४. यस कारणले गर्दा मान्छे आफ्नो बावु आमालाई छोडेर श्रीमतिसंग जोडिन पुग्छ । यी दुई एक हुन्छन् ।

२५.त्यो पुरुष र उसको श्रीमति दुवै निर्वस्त्र थिए । उनीहरु निर्जज्ज थिए ।

**आदम र हव्वा पापमा खसे**

# ३

१.परम परमेश्वरले बनाउनुभएको सम्पूर्ण प्राणी मध्ये सर्प सबैभन्दा बाठो थियो । सर्पले महिलालाई भन्यो,"के परमेश्वरले तिमीलाई यो बगैंचामा भएका रुखका फल खान मनाही गर्नुभयो ?"

२.महिलाले सर्पलाई भनी, "बगैंचामा भएका सवै रुखका फलहरु हामी खान सक्छौ । ३.तर परमेश्वरले यो बगैंचाको माझमा भएको रुखको फल खान मनाही गर्नुभयो । यसलाई छुदैं नछोऊ भन्नुभयो । यसलाई छोयौ भने मर्छौ भन्नुभयो ।"

४."तिमी मर्दनौ भन्ने ढुक्क भए हुन्छ," सर्पले महिलालाई भन्यो ५."परमेश्वरलाई थाहा छ कि यदि तिमीले त्यो रुखको फल खायौ भने कहिले थाहा नपाएको कुरा थाहा पाउनेछौ"। तिमीले असल र खराबको फरक छुट्याउन सक्ने हुनेछौ । र तिमीहरु परमेश्वरजस्तै हुनेछौ ।"

६.महिलाले त्यस रुखको फल खान उपयुक्त छ भन्ने थाहा पाइन् । हेर्नमा पनि यो निकै सुन्दर थियो । । अनि यसले मान्छेलाई ज्ञानी बनाउछ । त्यसकारण तिनले केहि फल लिएर खाइन् । उनले आफ्नो श्रीमानलाई पनि त्यो

फल दिइन् । र त्यस मान्छेले पनि त्यस रुखको फल खायो ।

७.तब दुबैजनाले पहिले कहिल्यै थाहा नपाएका कुराहरु थाहा पाउन थाले । तिनीहरुले आफू नाङ्गो छु भन्ने थाहा पाए । त्यसैले उनीहरुले नेवारोका पातवाट लुगा उनेर लगाए ।

८.त्यो मान्छे र उसको श्रीमतिले परम परमेश्वर वगैँचामा हिड्दै गरेको सुने । यो दिनको सबैभन्दा चिसो समय थियो । तिनीहरु परम परमेश्वरबाट लुके ।

९.तर परम परमेश्वरले मान्छेलाई बोलाउनुभयो, "तिमी कहाँ छौ ?"

१०."मैले तपाईलाई बगैँचामा सुनेँ," त्यस मान्छेले जवाफ दियो । "मलाई डर लाग्यो, म नांगो थिएँ, त्यसैले म लुकें ।"

११. परम परमेश्वरले भन्नुभयो "तिमी नाङ्गो छौ भनेर तिमीलाई कसले भन्यो ? के तिमीले मैले नखानु भनेको रुखको फल खायौ ?"

१२.मान्छेले भन्यो, "तपाईले श्रृजना गरेको महिला यहाँ थिइन् । उनले मलाई त्यस रुखको केही फल दिइन् र मैले खाएँ ।"

१३.तब परम परमेश्वरले महिलालाई भन्नुभयो, "तिमीले यो के गरेको ?" अनि महिलाले भनिन् , "सर्पले मलाई भुक्यायो, त्यसैले मैले त्यो फल खाएँ ।"

१४.परम परमेश्वरले सर्पलाई भन्नुभयो , "तिमीले यो कर्म गरेका हुनाले म तिमीलाई श्राप दिन्छु । तिमीलाई गाईवस्तु र जंगली जानवरहरु भन्दा बढी स्राप दिन्छु । तिमी भुईंमा घस्रने छौ । तिमी आजिवन माटो खानेछौ ।

१५.म तिमी र महिलाको बिचमा घृणा पैदा गरिदिन्छु । तिम्रा सन्तान उसका सन्तानका दुश्मन हुनेछन् । उनका सन्तानले तिम्रो टाउको कुल्चनेछन् र तिमीले उसको कुर्कुच्चामा डस्नेछौ ।

१६.परम परमेश्वरले महिलालाई महिलालाई भन्नुभयो "तिमीले सन्तान जन्माउँदा तिमीलाई निकै कष्ट हुनेछ । सन्तान हुँदा तिमी दुःख मा हुनेछौ । आफ्नो श्रीमानको लागि तिमी तड्पिनेछौ र उसले तिमीमाथि राज्य गर्नेछ ।"
१७.परम परमेश्वरले आदमलाई भन्नुभयो, "तिमीले आफ्नो श्रीमतिको कुरा सुन्यौ । मैले निसेध गरेको रुखको फल तिमीले खायौ । मैले तिमीलाई त्यस रुखको फल नखानु भनेको थिएँ । तिमीले गरेको कर्मको फल स्वरुप म यस जमिनलाई श्राप दिँदैछु। जीवनका सम्पूर्ण दिनहरुमा तिमीले जमिनबाट खानेकुरा प्राप्त गर्नको निम्ति कठिन परिश्रम गर्नुपर्नेछ ।

१८.जमिनले काँडा र कुरो पैदा गरेतापनि तिमीले जमिनकै सागपात खानेछौ ।

१९.तिमीले धेरै परिश्रम र मिहिनेत गरेर मात्र खान पाउनेछौ । तिमी जमिनबाटै पैदा भएका हौ र तिमी जमिनमै फर्कनेछौ ।तिमी माटो हौ त्यसैले माटोमै फर्किन्छौ ।

२०.आदमले आफ्नो श्रीमतिको नाम हव्वा राखे । उनी सम्पूर्ण मनुष्यको आमा बन्नेछिन् ।

२१.परमेश्वरले जनावरको छालाबाट आदम र हवाको निम्ति लुगा तयार गर्नुभयो । २२.परम परमेश्वरले भन्नुभयो, "मान्छे अब हामी जस्तै भयो । उसले अब असल र खराबको बिचमा फरक देख्न सक्नेछ । उसलाई सञ्जिवनी रुखको फल खान दिनु हुँदैन । यदि त्यसो गरेमा ऊ सधैंको लागि बाँच्नेछ ।

२३.त्यसकारण परम परमेश्वरले मान्छेलाई इडनको बगैंचाबाट खेद्नुभयो र ऊ उत्पत्ति भएको जमिनमा कर्म गर्न लगाउनु भयो । २४. परम परमेश्वरले मान्छेलाई खेदेर इडनको बगैंचाको पूर्वमा चेरुबिम (देवदूत) लाई राख्नुभयो । उहाँले त्यहाँ एउटा बल्दो तलवार पनि राख्नुभयो । त्यो निकै टल्किन्थ्यो । चेरुबिम (देवदूत) र तलवारले सञ्जिवनी रुख तर्फ जाने मार्गको सुरक्षा गरे ।



# अध्याय एक

## त्रिएक परमेश्वरले संसारको सृष्टि गर्नुभयो ।

संसारको उत्पत्ति कसरी भयो ? मानिसहरु यहाँ कसरी आए ? यस्ता प्रश्नहरु हामी प्राय सोच्ने गर्दछौं । ती प्रश्नका उत्तरहरु हामी कहाँ पाउँछौ ? जब हामी प्रश्नका उत्तर चाहान्छौं, हामी उत्तर थाहा हुनेकहां पुग्दछौं । हाम्रो मनपर्ने फुटबल टिमले गएको खेलमा कस्तो खेल्यो भन्ने जान्न हामी खेल हेर्ने मान्छेलाई साध्छौं । खेल नै नहेरेको मान्छे संग हामी हाम्रो टिमले कसरी खेल्यो भनेर सोध्दैनौं । त्यसैगरि, यो संसार कसरि अस्तित्वमा आयो र हामी कसरि आयौं भन्ने प्रश्नको उत्तर यहाँ हामी संसारको प्रारम्भमा जो यहाँ थिए तिनीबाट मात्र पाउँछौ । परमेश्वर मात्र एक हुनुहुन्छ, जो यहाँ हुनुहुन्थ्यो । उहाँले संसारको श्रृष्टि गर्नुभयो । तसर्थ संसार कहाँबाट आयो र हामी यहाँ कसरी

आयौं भन्ने कुरा उहाँले मात्रै भन्न सक्नुहुन्छ । तपाईंले यो अध्याय समाप्त गर्दा निम्न कुरा भन्न सक्षम बन्नुहुन्छ :

* संसार कसरी उत्पति भयो, अनि


* मानिसहरु यो पृथ्वीमा कसरी बस्न थाले ।

उत्पति, बाइबलको पहिलो पुस्तकले भन्छ : "प्रारम्भमा परमेश्वरले आकाश र पृथ्वीको सृजाना गर्नुभयो " (उत्पति १:१) । संसारको श्रृष्टि कसले गऱ्यो ? परमेश्वरले गर्नुभयो । परमेश्वर जस्तो केही र कोही छैन । उहाँ एकमात्र परमेश्वर हुनुहुन्छ । उहाँको वचन बाइबलमा, उहाँ भन्नुहुन्छ, "म परम परमेश्वर हुँ । मैले सबथोक श्रृष्टि गरको हुँ। मात्र मैले आकाश फैलाएको हुँ । मैले नै पृथ्वीलाई बनाएको हुँ । (यशैया ४४:२४)

परमेश्वर एकमात्र हुनुहुन्छ (१ कोरिन्थी ८:४) । बाइबलले हामीलाई भन्छ, "मैले भनेको सुन । परमेश्वर हाम्रो ईश्वर हुनुहुन्छ । परमेश्वर एक मात्र ईश्वर हुनुहुन्छ " (व्यवस्था ६:४) । उहाँ यद्धपि तीनवटा व्यक्तित्व एउटै ईश्वरमा हुनुहुन्छ । उहाँ त्रिएक हुनुहुन्छ । येशू जो ईश्वर पुत्र हुनुहुन्छ, त्रिएक परमेश्वरको बारेमा भन्नु हुन्छ, "जाऊ र सबै देशका मानिसहरुलाई चेलाहरु बनाऊ । परमेश्वर पिताको नाममा, परमेश्वर पुत्रको नाममा, र पवित्र आत्माको नाममा तिनीहरुलाई बप्तिसमा देउ ।" (मत्ती २८:१९) । परमेश्वर पिता (उत्पत्ति १:१), परमेश्वर पुत्र ( यूहन्ना१:३), अनि पवित्र आत्मा (उत्पति १:२), एकमात्र

साँचो परमेश्वर हुनुहुन्छ जसले संसारको श्रृष्टि गर्नु भयो । परमेश्वरले हामीलाई उहाँको त्रिएक रुपको वर्णन गर्न भन्नुहुन्न । हामी यो वर्णन गर्न असक्षम छौं । तथापि हामी यसमा विश्वास गर्छौं किनभने यो कुरा परमेश्वरले बाइबलमा भन्नुहुन्छ ।

परमेश्वरले संसारको श्रृष्टि कसरी गर्नुभयो ? केही बनाउनको निम्ति हामीलाई सामाग्री चाहिन्छ । घर बनाउनको लागी उपयुक्त काठ र अन्य सामाग्रीहरु चाहिन्छ । तर परमेश्वरलाई संसारको श्रृजना गर्न कुनै सामाग्री चाहिएन । उहाँले शून्यबाटै संसारको श्रृष्टि गर्नुभयो (हिब्रू ११:३) । उहाँ बोल्नु भयो अनि संसार अस्तित्वमा आयो । संसारको श्रृष्टिको बखतमा कोही पनि उपस्थित नभएकोले हामीले कसरी श्रृष्टि भयो भन्ने बारे परमेश्वरको कुरालाई नै मान्नु पर्ने हुन्छ । हाम्रो आस्था बाइबलमा परमेश्वरले भन्नुभएको वचनमा आधारित छ ।



येशूको बप्तिसममा परमेश्वर पिता बोल्नुहुन्छ र पवित्र आत्मा ढुकुरको रुपमा आकाशबाट तल आउनुहुन्छ।

१.______ भन्ने पुस्तकले हामीलाई___________ले संसारको श्रृष्टि गर्नु भयो भन्छ ।

२.परमेश्वर ___________________हुनुहुन्छ । त्रिएक परमेश्वरका यी तीन स्वरुपहरु : परमेश्पर_________, परमेश्वर _________________________र परमेश्वर पवित्र हुन् ।

३.परमेश्वरले संसारको श्रृष्टि ____________बाट गर्नुभयो ।

( आफ्ना उत्तरहरु पृ. सं. १२ मा हेर्नुहोस् )

कोही मानिसहरु संसारमा करोडौं वर्ष अघि आफै उत्पतिमा आएका ठान्दछन् । तर बाइबलले परमेश्वरले ६ सामान्य दिनहरुमा संसारको श्रृष्टि गर्नु भएको भन्दछ । यी सामान्य दिनहरु हुन् भन्ने हामीलाई थाहा छ किनभने ती दिनहरुमा साँझ र विहानी थिए । " साँझ भयो र विहान भयो " (उत्पत्ति १:५) । बाइबलले उत्पत्तिका यी ६ दिनलाई इस्रायलका मानिसले कर्म गर्ने ६ दिनहरु सँग पनि तुलना गर्छ । परमेश्वरले मोसालाई भन्नुहुन्छ, "मैले ६ दिनमा आकाश र पृथ्वीको श्रृष्टि गरे ......... तर मैले सातौ दिनमा विश्राम लिएँ" ( प्रस्थान २०:११) । यी ६ सामान्य दिनहरुमा परमेश्वरले आकाश र पृत्वी र सबैथोकको श्रृष्टि गर्नु भयो ।

पहिलो दिनमा, परमेश्वरले पृत्वी, हामी बस्ने ग्रहको श्रृष्टि गर्नभयो । औथो दिनमा उहाँले आकाश बनाउनुभयो

जहाँ उहाँले सूर्य, चन्द्र र ताराहरु पनि राख्नुभयो । “ प्रारम्भमा परमेश्वरले आकाश र पृथ्वीको श्रृष्टि गर्नुभयो । पृथ्वीको कुनै आकार थिएन र यो खाली थियो । समुंद्रको सतह अन्धकारमय थियो ”  (उत्पति १:१२) । उहाँले पृथ्वीमा दिन र रात होस् भनेर उज्यालोको श्रृष्टि गर्नुभयो । “परमेश्वरले भन्नुभयो ‘ उज्यालो होस ’ अनि उज्यालो भयो” (उत्पत्ति १:३) । परमेश्वरले श्रृष्टि गर्नुभएको पहिलो दिनमा पृथ्वी रित्तो थियो । यसमा रुख विरुवा, पशुपंछी र मानिसहरु थिएनन् । परमेश्वरले ती पछि थप्नुभयो । पृथ्वीलाई पानीले ढाकेको थियो ।

दोस्रो दिनमा परमेश्वरले पृथ्वीको पानीलाई पृथ्वीभन्दा माथिको पानीबाट छुट्याउनुभयो । परमेश्वरले पानी बीचको अन्तरलाई आकाश भन्नुभयो जहाँ चराहरु उड्न सक्दछन् ।

आकाशमा वायुमण्डल पनि छ जसले पृथ्वीमा जीवन संभव गराउँछ ।

तेस्रो दिनमा परमेश्वरले समुंद्रको जग बसाल्नुभयो र सुख्खा जमीन उत्पत्ति गर्नुभयो । यस ठाउँमा परमेश्वरका धेरै प्राणी बस्दछन् । उहाँले बोट विरुवाको पनि सृष्टि गर्नुभयो जसले आफ्नै खालका सन्तान उत्पादन गर्न सक्दथे । यी बोट विरुवाहरुले खानको निम्ति फल दिन्थे र ती हेर्दा पनि सुन्दर देखिन्थे ।

पृ. न.११  का उत्तरहरु : १. उत्पत्ति, परमेश्वर २. त्रिशक्ति, पिता, पुत्र, आत्मा ३. शून्य

चौथो दिनमा परमेश्वरले सूर्य, चन्द्र र ताराहरुको श्रृष्टि गर्नुभयो । सूर्यले ताप र प्रकाश पृथ्वीमा दियो जसका कारणले पृथ्वीमा जीवन संभव भयो । चन्द्रमाले सूर्यको प्रकाश प्रतिविम्बित् गऱ्यो । ताराहरुले मानिसलाई यात्रामा पथप्रदर्शन गर्ने भए । आकाशमा असंख्य आकाश पिण्डहरु छन् । तापनि परमेश्वरले प्रत्येकलाई जान्नुहुन्छ र तिनलाई नामले नै बोलाउनुहुन्छ । शामका लेखक भन्नुहुन्छ, “उहाँले (परमेश्वरले) आकाशमा कतिवटा तारा हुनुपर्छ भन्ने कुराको निर्णय गर्नुहुन्छ । उहाँले ती प्रत्येकलाई नाम दिनुहुन्छ ” (भजनसंग्रह १४७:४) । उहाँले ती सबैको श्रृष्टि गर्नुभयो र आकाशमा राख्नुभयो ।

पाचौं दिनमा परमेश्वरले माछा र अन्य पानीमा बस्ने प्राणीहरु बनाउनु भयो । उहाँले आकाशमा उड्ने चराहरु पनि बनाउनभयो । उहाँले यी सबै माछा, अन्य पानीमा बस्ने प्राणी र चराहरु, आफ्नै किसिमको सन्तति पैदा गर्न सक्ने बनाउनुभयो । छैठौं दिनमा परपेश्वरले जमिनमा बस्ने प्राणीको श्रृष्टि गर्नुभयो । उहॉले गाई, भेंडा आदि गोठमा बस्ने जनावरको श्रृष्टि गर्नुभयो । उहॉले सिंह, भालु जस्ता जंगली जनावरहरु पनि श्रृष्टि गर्नुभयो । उहॉले सर्प र छेपारो जस्ता घस्रेर हिँड्ने जनावरहरुको पनि श्रृष्टि गर्नुभयो । उहॉले जमिनमा बस्ने सबै प्राणीलाई आफ्नै किसिमको उत्पादन गर्ने शक्ति प्रदान गर्नुभयो । छैंठौं दिनमा परमेश्वरले पृथ्वीका पहिलो मानव, आदम र हब्वाको पनि श्रृष्टि गर्नुभयो । परमेश्वरले उनीहरुलाई विशेष प्रकारले बनाउनुभयो जसको चर्चा हामी आउने अध्यायमा गर्नेछौं । सातौं दिनमा परमेश्वरले श्रृष्टिको कमलाई विश्राम दिनुभयो

। बाइबलले भन्छ, “उहाँले विश्राम लिनुभयो” (उत्पति २:२) । यसको अर्थ परमेश्वर थाक्नुभएको चाहिँ होइन । यसको अर्थ सातौं दिनमा परमेश्वर आफूले श्रृष्टि गर्नुभएको संसारमा आनन्दले बस्नुभयो भन्ने हो । बाइबलले हामीलाई के पनि भन्छ भने जब परमेश्वरले आफूले बनाउनुभएको संसार तर्फ हेर्नुभयो, उहाँले यो असल छ भन्ने देख्नुभयो ( उत्पति १:३१) । परमेश्वरले खराब तत्व समावेश गरेर श्रृष्टि गर्नुभएको थिएन । उहाँको श्रृष्टि हरेक प्रकारले पूर्ण थियो ।

४. परमेश्वरले ६ __________ दिनमा संसारको श्रृष्टि गर्नुभयो ।

५. प्रत्येक दिनमा ___________ र __________ थियो ।

६. बाइबलले श्रृष्टिका ६ दिनलाई इस्राइलका मानिसले ___________ गर्ने ६ दिन सँग तुलना गर्दछ ।

७. पहिलो दिनमा परमेश्वरले ___________ अनि ___________ बनाउनुभयो ।

८. दोस्रो दिनमा परमेश्वरले ___________ बनाउनुभयो ।

९. तेस्रो दिनमा परमेश्वरले ___________ र ___________ बनाउनुभयो ।

१०. चौथो दिनमा परमेश्वरले ___________ , चन्द्रमा र ___________ बनाउनुभयो ।

११. पाचौं दिनमा परमेश्वरले ____________ र ____________ बनाउनुभयो ।

१२. छैठौं दिनमा परमेश्वरले जमीन, ___________ र ____________ हवा बनाउनुभयो ।

१३. परमेश्वरले बनाउनुभएको सबथोक ____________ असल थियो ।

१४. सातौं दिनमा परमेश्वरले ___________ लिनुभयो ।

(आफ्ना उत्तरहरु पृ.नं. १६ मा हेर्नुहोस् ।)

## पहिलो अध्यायको पुनरावृत्ति-

प्रारम्भमा त्रिशक्ति परमेश्वरले (परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा) संसार र त्यसमा भएका सबथोकको श्रृष्टि ६ सामान्य दिनहरुमा शून्यबाट गर्नुभयो । पहिलो दिनमा परमेश्वरले आकाश , पृथ्वी र प्रकाशको श्रृष्टि गर्नुभयो । दोस्रो दिनमा परमेश्वरले पृथ्वी मुनीको पानी पृथ्वी माथिको पानीबाट छुट्याउनुभयो । तेस्रो दिनमा परमेश्वरले समुद्र र सुख्खा जमीन र त्यसमा बोट विरुवा र रुखहरुको श्रृष्टि गर्नुभयो । चौथो दिनमा परमेश्वरले सूर्य , चन्द्र र ताराहरुको श्रृष्टि गर्नुभयो । पाँचौ दिनमा परमेश्वरले पानीमा बस्ने माछा र आकासमा उड्ने चराहरुको श्रृष्टि गर्नुभयो । छैठौं दिनमा परमेश्वरले जमीनमा बस्ने प्राणीहरुको श्रृष्टि गर्नुभयो । परमेश्वरले

आफ्नो सर्वोत्कृष्ट श्रृष्टि मानवद्वय आदम र हवाको पनि सृजना गर्नुभयो । सातौं दिनमा परमेश्वरले श्रृष्टिबाट विश्राम लिनुभयो । उहाँले यस दिनलाई
आफूले श्रृष्टि गर्नुभएको संसारमा आनन्दका साथ बस्न प्रयोग गर्नुभयो । जब परपेश्वरले संसार र आफूले श्रृष्टि गर्नुभएको सबथाक हेर्नुभयो, त्यो धेरै असल थियो । परमेश्वरले खराब तत्व समावेश गर्नुभएन । उहाँको श्रृष्टि सबै किसिमले पूर्ण थियो ।

पेज नं. १४...१५ का उत्तरहरु: ४. सामान्य ५. बिहान, साँझ ६. काम ७ स्वर्ग पृथ्वी ८.आकाश ९.भुमी भागहरु १०. सुर्य तारा ११.माछा चराहरु १२. जनावर आदम १३. धेरै १४. बिश्राम

# अध्याय एकको परीक्षा

१._________________________पुस्तकले हामीलाई
ले संसार श्रृष्टि ______ गर्नुभयो भन्ने बताउँछ।

२.परमेश्वर ____________हुनुहुन्छ। त्रिएक परमेश्वरका तीन स्वरुपहरु : परमेश्वर ____________, परमेश्वर , अनि परमेश्वर पवित्र ______ ।

३.परमेश्वरले संसार _______________________बाट श्रृष्टि गर्नुभयो।

४.परमेश्वरले संसारको श्रृष्टि ६ ____________________दिनहरुमा गर्नुभयो।

५.हरेक दिनमा _______________र ______________थिए।

६.बाइबलले श्रृष्टिका ६ दिनलाई इस्राायलका मानिसले _________________गर्ने ६ दिन संग तुलना गर्दछ।

७.पहिलो दिनमा परमेश्वरले _____________ अनि _____________ बनाउनुभयो।

८.दोस्रो दिनमा परमेश्वरले _____________ बनाउनुभयो।

९.तेस्रो दिनमा परमेश्वरले _____________ र _____________ बनाउनुभयो।

१०.चौथो दिनमा परमेश्वरले _____________, चन्द्रमा र _____________ बनाउनुभयो।

११.पाचौं दिनमा परमेश्वरले ____________ र ____________ बनाउनुभयो ।

१२.छैठौं दिनमा परमेश्वरले जमीन, ____________ र ____________ हवा बनाउनुभयो ।

१३.परमेश्वरले बनाउनुभएको सबथोक ____________ असल थियो ।

१४.सातौं दिनमा परमेश्वरले ____________ लिनुभयो ।

(आफ्नो उत्तरहरु पृष्ठ ८२ मा हेर्नुहोस)



## अध्याय दुई

## पुरुष र महिला परमेश्वरको सर्वोत्कृष्ट सृजना

हामी यहाँ कसरी उत्पन्न भयौ ? वाइवल भन्दछ कि परमेश्वरले सृष्टि गर्नु भएको अखण्ड संसारको निम्ति उत्कृष्ट दुईजना मानिसहरु सृजना गर्नु भयो । सबै मानिसहरु प्रथम दुई मानिसहरु आदम र हव्वाबाट श्रृष्टि भएका हुन् । यो अध्यायको अन्त्यमा तपाई निम्न कुराहरु भन्न सक्नु हुने छ :

* परमेश्वरले पहिलो आदम कसरी सृष्टि गर्नु भयो ;
* परमेश्वरले पहिलो महिला हवा कसरी सृष्टि गर्नु भयो ;
* परमेश्वरले ती दुवैलाई कसरी श्रेष्ठ बनाउनु भयो ;
* परमेश्वरले तिनीहरुलाई कति माया गर्नु हुन्थ्यो ;



परमेश्वरले आदम र हव्वालाई अखण्ड संसारमा स्थापित गर्नु भयो ।

जब पत्रकारहरु खवर लेख्दछन् तिनीहरु घटनाको प्रमुख अशंबाट शुरु गर्दछन् । त्यसपछि लेख्ने क्रममा घट्नाको बृतान्त उल्लेख गर्दछन् । परमेश्वर सँग मोशा, बाइवल का प्रथम पाँच पुस्तकहरुका लेखक ले, उत्पतिको बिबरण त्यस्तै प्रकारले लेखेका छन् । उत्पतिको पहिलो अध्यायमा मोशाले सृष्टिको बिबरण दिनुभएको छ । दोस्रो अध्यायमा उहाँले परमेश्वरले सृष्टिका ६ दिनहरुमा के के गर्नु भयो भन्ने बारे विस्तारमा उल्लेख गर्नु भएको छ । उदाहरणको लागी, उत्पतिको दोस्रो अध्यायले परमेश्वरले पहिलो पुरुष र पहिलो महिला कसरी सृजना गर्नु भयो भन्ने बारे बिस्तृत जानकारी दिन्छ ।

पृथ्वीको पहिलो मानिस चिम्पान्जी जस्तो कुनै प्रकारको जनावरबाट विकसित भएको होइन । न त परमेश्वरले आदमलाई शुन्य बाट पैदा गर्नु भएको हो । बरु, परमेश्वरले पहिलो मानिस विशेष प्रकारले सृजना गर्नु भएको हो । कुम्हालेले केही गिलो माटो लिएर त्यसलाई सुन्दर आकृतिमा ढालेर जसरी भाडा बनाउदछ त्यसैगरी परमेश्वरले पृथ्वीको माटोबाट खुबै सावधानी पुर्वक पहिलो मान्छे सृजना गर्नु भयो । आदमको शरीर र भित्रका अंगहरु सबै परमेश्वरले माटो बाट बनाउनु भयो ।

तर, शरीर र त्यसका अंगहरु आफैले आदमलाई मान्छे बनाएको होइन । बाइबलले हामीलाइ भन्दछ कि “परमेश्वरले उसमा जीवनको स्वास फुकिदिनु भयो । अनि उ जीवित मानिस भयो ।” उत्पति (२.७) परमेश्वरले आदमलाई आत्मा प्रदान गर्नुभयो । आत्माले जीवन दिन्छ । शरीर र आत्माको योगबाट जीवित मान्छे बन्दछ । आत्माले मान्छेलाई सोच्ने र उचित विचार गर्ने क्षमता प्रदान गर्दछ । यसले मान्छेलाई भावना र संवेदना प्रदान गर्दछ । जब आत्माले शरीरलाई त्याग गर्छ तब मान्छे मर्दछ । आत्मा, तर जे भएपनि मृत्यु पश्चात पनि रहन्छ । मानिसको शरीर नाश हुन्छ तर आत्माको अस्तित्व निरन्तर रहन्छ । न्यायको दिनमा परमेश्वरले शरीर र आत्माको पुर्नमिलन गरिदिनुहुन्छ ।

परमेश्वरले आदमलाई धेरै फुर्तिलो र वुद्धिमानी मानिस बनाउनु भयो । परमेश्वरले आदमलाई सृजना गरिसकेपछि उसलाई सबै पशुपंक्षीहरुको नामाकरण गर्न लगाउनु भयो । पशुपक्षीको नामाकरण गर्नको लागि आदमलाई कुनै समस्या परेन । परमेश्वरले आदमलाई पृथ्वीमा सृष्टि गरिएका सम्पुर्ण प्राणिहरु लाई हेरचाह गर्ने क्षमता पनि प्रदान गर्नुभयो ।

१ _______पृथ्वीमा पहिले मानिस सृष्टि गर्नु भयो ।

२ परमेश्वरले पहिलो मानिस पृथ्वकिो_______वाट सृष्टि गर्नु भयो ।

३ परमेश्वरले आदमलाई  जीवित प्राणी बनाउनको लागि दिनु भयो ।

४ परमेश्वरले आदमलाई धेरै___________मान्छे बनाउनु भयो ।

(तपाईको उत्तरहरु पृष्ठ २४ मा हेर्नु होस)

परमेश्वरले पहिला आदम सृष्टि गर्नुभयो । उ नै एक हो जसबाट सम्पूर्ण मानवजाति उत्पन्न भएका हुन् । तर पहिलो महिला कहाँबाट उत्पन्न भएको हो त ? बाइबलले हामीलाई भन्दछ कि परमेश्वरले पहिलो महिला पुरुष बाटै बनाउनु भएको हो । हव्वा, पहिलो महिला, आदम बाट उत्पन्न भएको हो ।

परमेश्वरले हव्वालाई आदमको सांसारिक कृयाकलापमा सहयोग गर्न बनाउनु भयो । परमेश्वरले भन्नु भयो , “मान्छे एक्लो हुनु असल होइन ” (उत्पति २:१८) त्यसकारण उहाँले हव्वालाई आदमको श्रीमतीको रुपमा सृष्टि गर्नुभयो । परमेश्वरले आदमलाई अस्पतालमा अपरेसन गर्दाको अवस्थामा झै गहिरो निन्द्रामा पारिदिनु भयो । जब आदम मस्त निन्द्रामा थिए, परमेश्वरले आदमको एउटा करङ झिक्नु भयो र त्यो खाली ठाउँ मासुले पुर्नुभयो तब उहाँले आदमबाट झिकेको करङबाट हव्वाको सृष्टि गर्नुभयो । वास्तवमा परमेश्वरले त्यो सब कसरी गर्नुभयो, त्यो चाँही उहाँमै छोडिदिउँ । हामी उहाँले बाइबलमा जे जे भन्नुभएको छ त्यसमा विश्वास गर्छौं ।

परमेश्वरले तव हव्वालाई आदम समक्ष ल्याउनु भयो अनि उहाँहरुलाई विवाह वन्धनमा बाध्नु भयो । आदमलाई परमेश्वरले उनीबाट हब्वाको सृजना गर्नुभयो भन्ने थाहा भयो । तसर्थ उनले आफ्नो अर्धाङ्गीनीलाइ महिला भन्ने गरे किनकी परमेश्वरले हव्वालाई आदमबाट  लिनु भएको थियो । मान्छेले भन्यो "उनको करङहरु मेरो करङहरुबाट लिएका हुन । उनको शरीर मेरो शरीर बाट उत्पन्न भएको हो । तिनलाई महिला भनिनेछ  किनकी तिनी पुरुष बाट निकालिएकी हुन् । (उत्पति २:२३) परमेश्वरले एउटा पुरुष र एउटी महिला विवाहद्धारा वन्धनमा बाँध्नु भयो । यो प्रस्टै छ कि परमेश्वर दुई विपरित लिङ्गी पुरुष र स्त्री बीच विवाह चाहनुहुन्छ । परमेश्वरले विवाह रच्नुभयो ताकि पुरुष र महिला एक अर्कासँग सहचर गरुन, बाल बच्चा जन्मिउन र आमाबाबुले तिनलाई हुर्काउन ।

५. परमेश्वरले _____ पुरुष बाट सृजना गर्नुभयो ।

६. परमेश्वरले एउटा _____________ एउटा _____________ विवाहमा अनुबन्धित भएको चाहनुहुन्छ ।

७. विवाह परमेश्वरले हामीलाई दिनुभएको  एक _____________________हो ।

आफ्ना उत्तरहरु पृष्ठ २६ मा हेर्नुहोस ।

| |
|---|
| पृष्ठ २२...२३  का उत्तरहरु १ परमेश्वर २ माटो ३ आत्मा ४ फुर्तिलो |

परमेश्वरले आदम र हव्वालाई अर्को आशिष पनि दिनुभयो । बाइबलले हामीलाई भन्छ परमेश्वरले उनीहरुलाई आफ्नै प्रतिरुपमा सृजना गर्नुभयो । यसको अर्थ आदम र हव्वा परमेश्वर जस्तै देखिन्छन् भन्ने चाँहि होइन । परमेश्वर आत्मा हुनुहुन्छ (यूहन्ना ४.२४) र हामी मासु र रगत बाट बनेका छौं । परमेश्वरले आदम र हव्वालाई दिएको स्वरुप आत्मिय स्वरुप थियो । आदम र हव्वा परमेश्वरलाई सबभन्दा घनिष्ट मित्र भनि चिन्दथे । तिनीहरु परमेश्वरले तिनीहरुबाट के गराउन खोज्नु भएको हो भन्ने जान्दथे; उनीहरु पनि परमेश्वरले जे गरोस भन्ने चाहनुहुन्थ्यो त्यहि गर्न चाहान्थे; अनि परमेश्वरले जे जे चाहनुहन्थ्यो त्यो सब गर्न तिनीहरु सक्षम थिए । धेरै मान्छेहरु परमेश्वरले नचाहेको काम गर्दा नै सुखी होइन्छ भन्ठान्छन् । आदम र हव्वा परमेश्वरले सृष्टि गरेको अवस्थामा पूर्ण रुपले असाध्यै सुखी थिए । तिनीहरु परमेश्वको सेवामा आनन्दित थिए ।

परमेश्वरले आदम र हव्वालाई उहाँको सेवामा प्रफुल्लित राख्नुभयो । परमेश्वरको असल कार्यप्रति आभार प्रकट गर्दै तिनीहरु उल्लास साथ परमेश्वरको सेवा गर्दथे ।

परमेश्वरले विशेष प्रकारको बगैँचा सृजना गरेर आदम र हव्वालाई त्यहाँ स्थापित गर्नु भयो । यो रुख विरुवाहरुले भरिभराउ सुन्दर बगैँचा थियो । आदम र हव्वालाई परमेश्वरले पृथ्वीमा रहेको उहाँको अन्य सम्पूर्ण सृष्टिको व्यवस्थापन गर्ने अधिकार दिनु भयो । उहाँले उनीहरुलाई त्यो काम गर्नको निम्ति दिनुभयो । त्यो काम उनीहरुको निम्ति अप्रिय थिएन । त्यो उनीहरुको निम्ती आनन्ददायी थियो । सबै जनावरहरुले उनीहरुलाई टेर्दथे । उनीहरुको आज्ञा पालन गर्दथे । बगैँचामा उद्भिदहरुलाई बड्नमा कुनै बाधा पुर्याउने झारहरु थिएनन् र परमेश्वरले गरेको सृष्टिलाई किराहरुले समेत नष्ट गर्दैनथे ।

जब आदम र हव्वा परमेश्वरले उनीहरुलाई स्थापित गरेको विशिष्ट बगैँचाको अवलोकन गर्दथे, उनीहरुलाई उहाँ कति प्रेम गर्नुहुन्छ भनी देख्दथे ।

८ परमेश्वरले आदम र हव्वालाई उहाँकै _______ को सृष्टि गर्नुभयो ।

९ आदम र हव्वा परमेश्वरको _______________ गर्न खुशी थिए ।

१० परमेश्वरले आदम र हव्वालाई आफूले उनीहरुलाई कति प्रेम गरेको छु भन्ने देखाउनको लागि एउटा विशिष्ट _________________(को).सृष्टि गर्नु भयो ।

आफ्नो उत्तर पृष्ठ २७ मा हेर्नुहोस ।

पृष्ठ २४ को उत्तरहरु ५ महिला ; ६ पुरुष, महिला; ७ आशिष

# अध्याय दुईको पुनरावृत्ति

परमेश्वरले पहिलो मानव विशिष्ट तरिकाले सृजना गर्नुभयो । उहाँले पृथ्वीको माटोबाट उसलाई सृष्टि गर्नुभयो । परमेश्वरले आदमलाई आत्मा प्रदान गर्नुभयो जसले उसलाई जिउदो प्राणी बनायो । आदमको सांसारिक सहयोगी बन्नको निम्ति परमेश्वरले हव्वालाई सृष्टि गर्नुभयो । उहाँले आदमको करङ झिकेर त्यसबाट हव्वाको सृजना गर्नुभयो ।

परमेश्वरले हव्वालाई आदमकहाँ ल्याउनु भयो र विवाहको बन्धनमा बाध्नु भयो । परमेश्वर एउटा पुरुष र एउटा महिलाको बिचमा विवाह चाहनुहुन्छ । परमेश्वरले आदम र हव्वा आफ्नै स्वरुप र आकृतिमा सृष्टि गर्नु भयो । परमेश्वरले तिनीहरुलाई सृष्टि गर्नुभयो त्यसैले तिनीहरुले उहाँलाई घनिस्ट मित्र भनि जान्दथे । त्यसैले उनीहरु उहाँकै आज्ञा अनुसार चल्दथे अनि उहाँको आज्ञा अनुसार गर्न सक्तथे । परमेश्वरले एउटा विशिष्ट बगैंचा जहाँ आदम र हव्वालाई स्थापित गर्नुभयो निर्माण गरेर आफूले उनीहरुलाई कति माया गर्दछु भनेर देखाउनु भयो । परमेश्वरले आदम र हव्वालाई पृथ्वीमा रहेको उहाँका अन्य सम्पूर्ण सृष्टिहरुको व्यवस्थापन गर्ने अधिकार दिनुभयो ।

२६ पेजका उत्तरहरुः ८.प्रतिरुप ९. सेवागर्न १०. बगैचा

## अध्याय दुईको परिक्षा

१ __________ ले पृथ्वीमा पहिलो मानिस सृष्टि गर्नुभयो ।

२ परमेश्वरले पहिलो मानिसको सृष्टि पृथ्वीको _____ बाट गर्नुभयो ।

३ आदमलाई प्राणी बनाउनको निम्ति परमेश्वरले उसलाई _____________ दिनु भयो ।

४ परमेश्वरले आदमलाई धेरै _______________ मान्छे बनाउनु भयो ।

५ परमेश्वरले ___________को सृष्टि पुरुष बाट गर्नुभयो ।

६ परमेश्वर एउटा ____________________ र एउटा _________________ विवाह वन्धनमा बाँधियोस भन्ने चाहनु हुन्छ ।

७ विवाह परमेश्वर द्धारा हामीलाई प्रदान गरिएको एउटा __________________ हो ।

८ परमेश्वरले आदम र हव्वालाई आफ्नै ___________ मा सृष्टि गर्नुभयो ।

९ आदम र हव्वा परमेश्वरको _______________ मान्नमा खुशी थिए ।

१० आदम र हव्वालाई परमेश्वरले कति माया गर्नुहुन्छ भन्ने देखाउनको निम्ति एउटा विशिष्ट __________ सृष्टि गर्नुभयो ।


( आफ्ना उत्तरहरु पृष्ठ ८२ मा हेर्नुहोस )



# अध्याय तीन

## स्वर्गदूत अनि दुष्टहरु संसारका अंश हुन्

परमेश्वरले एउटा अखण्ड संसार सृष्टि गर्नुभयो । उहाँले आफ्नो अखण्ड संसारमा दुईजना उत्कृष्ट मानव स्थापित गर्नुभयो । ती दुबै जना पूर्णरुपले सुखी थिए । त्यसो हो भने यो संसार किन त्यस्तो दुख र कस्टकर ठाँउ हुन गयो त ? बाइबलले भन्दछ कि, पहिलो कुरो त, यस संसारमा समस्या तव खडा भयो जब परमेश्वरले सृष्टि गर्नुभएको केहि स्वर्गदूतहरु नै उहाँको विरुद्ध उत्रिए । ती विद्रोही स्वर्गदूतहरु शैतान अनि उसका दुष्ट आत्मा हरु भए जसले आज सम्म संसारमा विपत्ति श्रृजना गरिरहेछन् । स्वर्गदूत जसले परमेश्वरको आज्ञा मान्ने गरे ती असल स्वर्गदूत भए । तिनीहरुले यस संसारमा परमेश्वरको आदेश पालन गर्दछन् ।



स्वर्गदूतहरु परमेश्वरका सन्देशवाहक हुन

शैतान र तिनका दुष्ट आत्माहरु हरु खराब स्वर्गदुत हन् । तिनीहरु परमेश्वरको आदेशको विरोध गर्ने कोशिस गर्दछन् । यो अध्याय समाप्त गरेपछि तपाई निम्न कुराहरु भन्न सक्नु हुन्छ :

* शैतान कसरी उत्पन्न भएको हो ;
* कसरी असल स्वर्गदूतले यस संसारमा परमेश्वरको सेवा गर्दछन् ;
* कसरी खराव स्वर्गदूतले परमेश्वरको आदेशको बिरोध गर्दछ ।

बाईबलले हामीलाई भन्दछ कि परमेश्वरले सृष्टिको छैठौ दिनको कुनै कालखण्डमा स्वर्गदूतको सृष्टि गर्नुभयो । सन्त पावल लेख्नुहुन्छ " सबैथोक उहाँबाट नै सृष्टि भएको हो । " उहाँले स्वर्गमा भएका र पृथ्वीमा भएका सबैथोकहरु सृष्टि गर्नुभयो । उहाँले हरेकथोक सृजना गर्नुभयो जुन देख्न सकिने छन् र देख्न नसकिने पनि छन् । (कलस्सी १:१६) उत्पतिको २:१ मा मोशा लेख्नुहुन्छ यस प्रकारले स्वर्ग र पृथ्वी अनि त्यसका सबै थोक पूर्ण भयो । "स्वर्गदुत भनेकै सन्देशवाहक हो । " स्वर्गदूतहरु परमेश्वरले आफ्नै आज्ञा पालन गर्न सृष्टि गर्नुभएको अलौकिक सन्देशबाहक हुन । परमेश्वरले कुनै खराव स्वर्गदूत सृष्टि गर्नुभएन । उहाँले सबै स्वर्गदूतहरुलाई उहाँको आज्ञा पालन गर्न वा नगर्न सक्षम बनाउनु भयो । परमेश्वर स्वर्गदूतले स्वेच्छाले आज्ञा पालन गरोस भन्ने चाहनु हुन्थ्यो ।

बाईबलले हामीलाई बताउछ कि शैतानले परमेश्वरलाई नमान्ने मार्ग रोज्यो । परमेश्वरको अवज्ञा गर्ने बाटो रोज्यो । उसले आफ्नो सृष्टिकर्ता परमेश्वर माथि बिद्रोह गर्‍यो । अन्य अरु केहि स्वर्गदूतहरुले पनि परमेश्वरको अवज्ञा गर्ने बाटो रोजे अनि उहाँको विरुद्दमा उत्रिए । उनीहरु आफ्नो स्थानमा बसेनन् । तिनीहरुले आफ्नो ओहोदाको मर्यादा राखेनन् । परमेश्वरले ती स्वर्गदूतहरुलाई अन्धकारमा राख्नु भएको छ । तिनीहरु सिक्रीले सदाको निम्ति वाधिएका छन् । न्यायको दिन, परमेश्वरले त्यसमाथि निर्णय गर्नुहुनेछ । शैतान र उसका स्वर्गदूतहरुले पापकर्म गरे किनकि परमेश्वरको विरुद्धमा विद्रोह गर्नु नै पाप हो । परमेश्वरले ती स्वर्गदूतहरुलाई दोस्रो मौका दिनु भएन । उहाँले तिनीहरुलाई उद्धार गर्नको निम्ति येशूलाई पठाउनु भएन । परमेश्वरले दुष्ट स्वर्गदूतहरुलाई स्वर्ग बाट फाली दिनु भयो र भन्नुभयो न्यायको दिन तिनीहरुलाई सदाको निम्ति कष्ट दिन नर्क पठाईने छ । दुष्ट स्वर्गदूतहरुले परमेश्वरको आज्ञा पालन गर्न सक्दैनन् । तिनीहरु उहाँको सेवागर्ने इच्छा गर्दैनन् । जे जति तिनीहरुले गर्न सक्ने भनेको पाप नै हो । पाप परमेश्वरको विरुद्धमा लड्नु हो ।

असल स्वर्गदूतहरुले परमेश्वरको आदेश मान्ने बाटो रोजे । परमेश्वरले तव तिनीहरुलाई उहाँको अवज्ञा गर्न असम्भव बनाइदिनु भयो । असल स्वर्गदूतहरु परमेश्वरलाई प्रेम गर्छन् । तिनीहरु सँधै उहाँका अनुहार देख्दछन् । येशूले भन्नुभयो, " स्वर्गमा तिनीहरुका दुतहरुले स्वर्गमा मेरा पिताको दर्शन सदैव गरिरहन्छन् । (मत्ती १८:१०) तिनीहरु पाप गर्न चाहदैनन् । तिनीहरु परमेश्वरको सेवा गर्दछन् अनि खुशी साथ उहाँको इच्छा अनुसार ( कार्य) गर्दछन् ।

स्वर्गदूतहरु शक्तिशाली प्राणी हुन् । सन्त पावल लेख्नुहुन्छ, " उहाँ (येशू) स्वर्गदूतहरुसँग आउनुहुनेछ जसलाई परमेश्वरले उहाँ जे गर्न चाहनुहुन्छ त्यो गर्ने शक्ति दिनुभएको छ " (थेस्लोनिकी १:७) । तिनीहरुसँग शक्ति छ जुन हामी सँग छैन । स्वर्गदूतहरु शक्तिशाली भएता पनि तिनीहरु अझसम्म परमेश्वरको अधिनमा नै छन् जो एक मात्र सर्वशक्तिमान हुनुहुन्छ ।

त्यहाँ कति जना स्वर्गदुतहरु छन् त ? हामीलाई थाहा छैन । बाइबलले हामीलाई बताउँदछ कि त्यहाँ धेरै संख्यामा स्वर्गदूतहरु छन् ( लुका २:१३) । यो संख्या बढि वा घटि हुने हुदैन किनकि स्वर्गदूतहरुको बालबच्चा हुन्नन् र तिनीहरुको मृत्यु पनि हुन्न ।

१ जब परमेश्वरले स्वर्गदूत सृष्टि गर्नुभयो, तिनीहरुले परमेश्वरको आज्ञा ______________वा ________________सक्षम भए ।


२ शैतान र तिनका अनुयायीहरुले परमेश्वरको ________________गर्ने बाटो रोजे ।

३ परमेश्वरले __________स्वर्गदूतहरुलाई पाप गर्न असम्भव तुल्याईदिनु भयो ।

४ त्यहाँ ____________ संख्यामा स्वर्गदूतहरु छन् ।

( आफ्नो उत्तरहरु पृष्ठ ३६ मा हेर्नुहोस ।)

परमेश्वरले असल स्वर्गदूतहरुलाई आफू यस संसारमा के गरेको चाहनुहुन्छ त्यसकै निम्ति प्रयोग गर्न चाहनुहुन्छ । उहाँ असल स्वर्गदूतहरुलाई जसले येशूलाई विश्वास गर्छ त्यसको सुरक्षा गर्न पठाउनुहुन्छ । भजनसंग्रहको लेखक भन्नुहुन्छ, " परमेश्वरले तिम्रो सुरक्षाको निम्ति असल स्वर्गदूतहरुलाई आज्ञा दिनु हुन्छ ( भजनसंग्रह ९१:११:१२ ) हामीलाई बचाउनको निम्ति परमेश्वरले के गर्नुभयो भन्नेबारे जानकारी दिन उहाँले असल स्वर्गदूतहरु पठाउनु भयो । उदाहरणको निम्ति असल स्वर्गदूतले येशूको जन्म भएको उद्घोस गर्नुभयो । इस्टरमा, उनीहरुले येशूका अनुयायीहरुलाई येशू मृत्युबाट उठ्नु भयो भन्ने खवर सुनाए । परमेश्वरले उहाँमाथि विश्वास गर्नेहरुको आत्मा स्वर्गमा पुर्याउनको निम्ति असल स्वर्गदूतहरुलाई पठाउनु हुन्छ । जसले प्रभु येशूलाई विश्वास गर्छ उसको रक्षाको निम्ति उहाँले (परमेश्वरले) असल स्वर्गदूतहरु पठाउनु हुन्छ ।



एक जना स्वर्गदूतले मरियमलाई उनी येशूको आमा
बन्नेवाला छिन् भन्ने खवर गर्छन्

शैतान र उसका दूतहरु परमेश्वरका शत्रु हुन् । तिनीहरु तपाईका शत्रु हुन् । केहि मानिसहरु शैतान देखेर हाँस्दा हुन र काँडा जस्तो पुच्छर भएको, टाउकोमा सिङ भएको हातमा धारिलो काटा भएको, ठट्यौलो मान्छे मात्र ठान्दा हुन । तर बाइबल शैतानलाई झुटो र हत्यारा ठान्दछ । उसले हामीलाई झुटो कुरो गरेर पाप तर्फ डोर्याउछ र परमेश्वर बाट टाढा लैजान्छ । उ हामीलाई परमेश्वरको सेवाले आनन्द प्राप्त हुन सक्दैन र बदलामा उसको सेवा गर्नाले आनन्द मिल्दछ भन्ने सोच्न लगाउछ । शैतानको सेवा गर्नाले आनन्द मिल्नेवाला छैन । यसले त तर नर्क तिर डोर्याउछ । शैतान हत्यारा हो । उ मान्छेहरुले दुख पाएको हेर्न चाहन्छ । उ मान्छेहरु नर्कमा उ सँगै सधै दुख पाईराखुन भन्ने चाहन्छ । दुष्ट आत्माले परमेश्वरको असल सृष्टिमा कसरी स्थान पायो त ? शैतानले परमेश्वरको विरुद्धमा पाप गरेर दुष्कर्म यस संसारमा ल्याएको हो ।

५ जसले येशू माथि विश्वास गर्दछ उसको ______को निम्ति परमेश्वरले असल स्वर्गदूतहरु पठाउनु हुन्छ ।

६ असल स्वर्गदूतहरु परमेश्वरमाथि विश्वास गर्नेहरुको आत्मा ____________ मा लैजाने गर्छन् ।

७ बाइबलले शैतानलाई ________ र ________ भनी वर्णन गर्दछ ।

३३ .. ३४ पेजको उत्तरहरु: १.आज्ञापालन, आज्ञापालन नगर्नु २. आज्ञापालन नगर्नु ३.असल ४.महान

८ शैतानले हामीलाई ______________ पाप (कर्म ) तर्फ डोर्‍याउदछ र परमेश्वरबाट टाढा लैजान्छ ।

९ शैतान मान्छेहरुलाई सधै नर्कमा उ सँगै ____________ भन्ने चाहन्छ ।

१० शैतानले __________ यो संसारमा ल्याएको हो ।

( आफ्नो उत्तरहरु पृष्ठ ३८ मा हेर्नुहोस )

## अध्याय तीनको पुनरावृत्ति

सृष्टिको छैठौ दिनको कुनै कालखण्डमा परमेश्वरले स्वर्गदूतहरु सृजना गर्नुभयो । परमेश्वरले स्वर्गदूतहरुलाई उहाँको आदेश मान्न वा नमान्न सक्षम बनाउनु भयो । शैतानले परमेश्वरको आदेश नमान्ने बाटो रोज्यो । अन्य अरु स्वर्गदूतहरुले पनि परमेश्वरलाई अवज्ञा गर्ने बाटो रोजे अनि उहाँको विरुद्धमा उत्रिए । परमेश्वरले ती दुष्ट आत्माहरुलाई स्वर्गबाट फालिदिनु भयो अनि भन्नुभयो फैसलाको दिन तिनीहरुलाई पीडा दिन नर्क पठाइने छ । असल स्वर्गदूतहले परमेश्वरको आदेश मान्ने बाटो रोजे । उनीहरु परमेश्वरको सेवा गर्दछन् र आनन्दसँग उहाँको आज्ञा पालन गर्दछन् ।

तिनीहरु इच्छाअनुसार कार्य गर्दछन् । परमेश्वर ती असल स्वर्गदूतहरुलाई संसारमा उहाँ जे चाहनुहुन्छ त्यही गर्न लगाउनुहुन्छ । शैतान परमेश्वरको शत्रु हो र हाम्रो पनि शत्रु हो । बाइबलले हामीलाई बताउदछ कि शैतान

धोकेवाज र हत्यारा हो । शैतानले हामीलाई झूट कुरा गरेर परमेश्वर बाट टाढा लैजान्छ । उ मान्छेलाई उ सँगै दुख कष्ट झेल्दै नर्कमा रहोस भन्ने चाहन्छ । शैतान र दुष्ट आत्माहरुले यस संसारमा दुष्कर्म ल्याएको हो ।

## अध्याय तीनको परिक्षा

१ जव परमेश्वरले स्वर्गदूत हरु सृष्टि गर्नुभयो तिनीहरुले की त वहाको ______________ वा ______________ ।

२ शैतान र उसका अनुयायीहरुले परमेश्वरको ________________ गर्ने बाटो रोजे ।

३ परमेश्वरले स्वर्गदूतहरुलाई वहाँको ______________ असम्भव बनाईदिनु भयो ।

४ त्यहाँ ________________ संख्याामा स्वर्गदूतहरु छन् ।

५ परमेश्वरले असल स्वर्गदुतहरु जो येशूमा विश्वास गर्छन लाई __________________ पठाउनुहुन्छ ।

६ असल स्वर्गदुतहरु _____________ विश्वास राख्नेहरुको आत्मालाई ________________ लैजान्छन ।

७ बाइबलले शैतानलाई ____________ र ___________ भन्दछ ।

> पेज नं. ३६..३७ का उत्तरहरु: ५.सुरक्षा ६. स्वर्ग ७.झुटो हत्यारा ८. झुठो ९. कष्टभोग्नु १०.दुष्ट

८  शैतानले हामीलाई ______________ बकेर पाप कर्म मा डोर्‍याउदछ र परमेश्वरबाट टाढा लैजान्छ ।

९  शैतान मान्छेहरुलाई सधै नर्कमा उ सँगै ______________________ भन्ने चाहान्छ ।

१० शैतानले (नै) ____________________ यो संसारमा ल्याएको हो ।

( आफ्नो उत्तरहरु पृष्ठ ८२ मा हेर्नुहोस )



## अध्याय चार

## पापले परमेश्वरको असल सृष्टि अपवित्र पारेको छ ।

यस संसारमा शैतानले पाप र दुष्कर्म ल्याएको हो । तथापि शैतान पापमा डुबेको कारणले मात्र संसार अपवित्र भएको होईन । यो संसार आदम र हव्वाले परमेश्वरको बचन उल्लङ्घन गरेको कारणले पनि अपवित्र भएको हो ।



शैतानले हव्वालाई लोभ्याउदछ । आदम र हव्वाले निषेधित फल खान्छन् ।

यो अध्याय समाप्त गरेपछि तपाई निम्न कुराहरु भन्न सक्नुहुनेछ ;

* कसरी आदम र हव्वाले यस संसारमा पाप भित्रयाए । अनि
* पापले कसरी परमेश्वरको असल सृष्टि अपवित्र पार्दछ ।

परमेश्वरले आदमलाई भन्नु भयो कि उ र हव्वाले बगैँचाको कुनै पनि फल खान सक्दछन् । तैपनि त्यहाँ एउटा रुख थियो जसको फल तिनीहरुले खानु हुन्नथ्यो । परमेश्वरले तिनीहरुलाई "असल र खराबको ज्ञान प्राप्त हुने रुखको फल चाहि नखानु भन्नुभएको थियो" (उत्पति २:१७) । हामी त्यस रुखमा कस्तो फल थियो भन्ने थाहापाउदैनौ । यो विशेष प्रकारको थियो किनभने परमेश्वरले त्यसको फललाई उहाँको बचनसँग संयोजन गर्नु भएको थियो । त्यो बचन परमेश्वरको आदेश थियो जसमा त्यस बाट नखानु भन्ने थियो । हामी यो एउटा आदेशलाई एक निर्दिष्ट स्थानमा राख्न पनि चाहन्छौ । आदम र हव्वालाई बगैँचामा भएको सबै रुखहरुको फल खाने आदेश दिएर परमेश्वर उनीहरुप्रति साह्रै जाति हुनुहुन्थ्यो । आदम र हव्वा परमेश्वरलाई उनीहरु आभारी रहेको देखाउन सक्षम थिए र त्यो एउटा रुखको फल परमेश्वरको आदेश अनुसार नखाएर उहाँप्रति प्रेम गर्दथे ।

तैपनि, शैतानले हव्वालाई परमेश्वरको अवज्ञा गर्न प्रेरित गर्यो । त्यो सर्पको रुपधारण गरेर हव्वा कहाँ आयो । शैतानले हव्वालाई सोध्यो "परमेश्वरले साँच्चै भन्नुभयो त,

तिमीले बगैंचामा भएको कुनै पनि रुखको फल खानुहुन्न ? (उत्पति ३:१)। शैतान चाहन्थ्यो कि त परमेश्वरले उसलाई हव्वालाई आदेश दिएकै होईन भन्ठानोस् या त उहाँले त्यो आदेश दिएको कारणले परमेश्वर असल होइनन् भन्ने ठानोस । हव्वाले शैतानलाई भनी कि परमेश्वरले बगैंचामा भएको कुनै पनि रुखको फल खानुहुन्छ भन्नु भएको हो । उसले भनी “परमेश्वरले भन्नुभयोको हो बगैंचाको बिचमा भएको रुखको फल तिमीहरुले खानुहुदैन । यसलाई छुनु समेत हुदैन ।यदि त्यसो गर्यौ भने तिमीहरु मर्नेछौ ” ( उत्पति ३:३) ।

तब शैतानले हव्वालाई एउटा ठुलो र भयानक झुट कुरा गर्यौ । उसले हव्वालाई भन्यो कि उनी र आदमले त्यस रुखको (फल) खाए भने तिनीहरु मर्दैनन् । परमेश्वरले तिनीहरुलाई त्यस रुखको फल नखानु भनेको एउटै कारण के थियो भने त्यो रुखको फल खाएमा तिनीहरु पनि ईश्वरनै हुनेछन् भन्ने कुरा शैतानले भन्यो । हव्वाले शैतानको झूटो कुरोमा बिश्वास गरिन । तब त्यस फललाई त्याग गर्नु भन्दा इच्छाउनु भन्ने दृष्टिले तब हेर्न थालीन । तिनले परमेश्वरको आज्ञालाई स्वेच्छाले पालन नगर्ने भइन् । उनको असल र स्नेही परमेश्वरलाई सबै कुरा खुलस्त नभन्नेको रुपमा तिनले देखिन । तिनले त्यो फल टिपेर खाईन । उनले केही फल, आदम, जो नजिकै थियो लाइ दिईन् । उसले पनि परमेश्वरको अवज्ञा गर्दै त्यो फल खायो ।

१ परमेश्वरले आदम र हव्वालाई ____________ र ______________ को ज्ञान छुट्याउने रुखको फल खान निषेध गर्नु भएको थियो ।

२ परमेश्वरले बगैंचामा भएको अरु ___________ रुखको फल आदम र हवाले खान सक्नेछन् भन्नु भएको थियो ।

३ ______________ले हव्वालाई परमेश्वरको आज्ञा नमान्न उक्सायो ।

४ हव्वाले केही फल ___________ लाई दिईन ।

(आफ्नो उत्तरहरु पृष्ठ ४५ मा हेर्नुहोस )

जब आदम र हव्वाले परमेश्वरको अवज्ञा गरे, तिनीहरु बदलिए । तिनीहरु पापी भए । पापले परमेश्वरको नियम उल्लघंन गर्दछ । तिनीहरुले परमेश्वरलाई जसरी प्रेम गर्नु पर्दथ्यो त्यसरी गरेनन् । तिनीहरुले परमेश्वरलाई अब मित्र होईन, शत्रु देख्न थाले । तिनीहरुले परमेश्वरको आदेश पालन गर्न चाहेनन् । तिनीहरु परमेश्वरको आदेश विपरित (कार्य)गर्न चाहन्थे । किनभने तिनीहरुले परमेश्वरलाई जसरी प्रेम गर्नुपर्ने थियो त्यसरी गर्दैनथे । तिनीहरु एक अर्कामा पनि जसरी प्रेमगर्नु पर्दथ्यो गर्दैनथे । तिनीहरु स्वार्थी बन ेे। आदम परमेश्वरको दृष्टिमा जोगिनको निम्ति हव्वालाई त्याग गर्न चाहन्थ्यो । परमेश्वरले आदमलाई सोध्नुभयो, “मैले नखानु भनेको रुखको फल तिमीले खायौ ?” (उत्पति ३:११) आदमले भन्यो, “तपाँईले मेरो नजिकमा जुन नारी राख्नु भएको थियो उसले त्यो रुखको फल दिई र मैले त्यो

खाएँ । (उत्पति ३:१२) आदमले हव्वालाई आफ्नो पाप (कर्म) को निम्ति दोष लगायो । आदमले परमेश्वरलाई पनि आफ्नो पापको निम्ति दोष लगायो किनकि परमेश्वरलेनै हव्वा उसलाई सुम्पिनु भएको थियो । हव्वाले पनि आफ्नो पापको जिम्मेवारी अस्वीकार गरिन । उनले सर्पको दोषको कारणले आफूले पाप गरेको तर्क अघि सारीन । उनले भनिन, "सर्पले मलाई छक्यायो । त्यसैकारण मैले त्यो फल खाएँ । " (उत्पति ३:१३)

पापयुक्त स्थिति आदम र हव्वाले हामी र सबै मानिसहरुसम्म सारिदिएका हुन् । परमेश्वरले आदम र हव्वालाई उहाँकै स्वरुपमा सृष्टि गर्नु भयो । परमेश्वरले मान्छेलाई आफ्नै समानतामा सृष्टि गर्नुभयो । वहाँले तिनीहरुलाई पुरुष र महिलाको रुपमा सृष्टि गर्नुभयो । ( उत्पति १:२७ ) यसको अर्थ हो परमेश्वरले आदम र हव्वालाई वहाँको आदेश जानुन, वहाँको ईच्छा अनुसार तिनीहरु चलुन अनि वहाँको आदेश पालन गर्न सकुन भनेर सृष्टि गर्नु भयो । आदमले पाप कर्म गरिसके पश्चात उसकै स्वरुपमा छोरो भयो । "जब आदम १३० बर्षको भयो उसको आफ्नै स्वरुपको एउटा छोरो भयो । (उत्पति ५:३) त्यसबेला देखिनै सबै बालबच्चाहरु उनीहरुको बाबुको पापयुक्त स्वरुपमै जन्मने गर्छन् ।

| |
|---|
| पृष्ठ ४४ का उत्तरहरु १ असल, खराब; २ सबै ३ शैतान ४ आदम |



आदम र हव्वाको जीवन परिवर्तित भयो किनकि तिनीहरुले पाप गरे ।

हाम्रो जीवनको प्रारम्भ देखिनै हामी परमेश्वरले चाहेँ जस्तो पवित्र मान्छे होईनौ । हामी यो संसारमा पापले संक्रमित भएरै पैदा हुन्छौ । हामीमा परमेश्वरले खोजेजस्तो पवित्रता रहन्न । बदलामा हामीमा परमेश्वरले निषेध गर्नुभएको कार्य गर्ने आशक्ति वा खराव चाहना हुन्छ । अनि उहाँको आदेशको उल्लघंन गर्न हामी लाग्छौ । यो पाप जुनसँगै हामी पैदा भएका हौ लाई हामी मौलिक/जन्मजात पाप भन्छौ ।

५ जब आदम र हव्वाले परमेश्वरको अवज्ञा गरे, तिनीहरु __________ ।

६ तिनीहरुले परमेश्वरलाई अब ______________ देख्न थाले न कि ________________ ।

७ हाम्रो जीवनको प्रारम्भ देखिनै हामी परमेश्वरले चाहेजस्तो ________________ मान्छे होइनौ ।

८ पाप, जुनसँगै हामी संसारमा पैदा भएका हौँ, यसलाई पाप भन्दछौ ।

( तपाईको उत्तरहरु पृष्ठ ४८ मा हेर्नुहोस । )

हामी संसारमा पापसँगै जन्मन्छौ हुन्छौ, पापयुक्त सोच्दछौ, अनि पापयुक्तनै गर्दछौ । परमेश्वरले हामीलाई सबैजना र सबैचिज भन्दा बढी उहाँलाई प्रेम गरोस भन्नुहुन्छ । सट्टामा, हामी आफैलाई, पैसालाई शक्तिलाई,

प्रसिद्धिलाई, सम्पतिलाई, र अरु मान्छेलाई परमेश्वर भन्दा अधिक प्रेम गर्दछौ । परमेश्वरले आफूलाई जस्तै छिमेकीलाई प्रेम गर भन्नुहुन्छ । सट्टामा परमेश्वरले हामी माथि जिम्मा लगाउनु भएका, जस्तै आमा बाबु अनि सरकारलाई अवज्ञा गर्दछौ । हामी छिमेकीलाई सहायता गर्नुको बद्लामा दुख दिन्छौ र हानि पुर्‍याउछौ । परमेश्वरले हामीलाई प्रेम गरेझै नगरेर हामी हाम्रो हृदय रिस र घृणाले भर्दछौ । श्रीमती वा श्रीमानलाई प्रेम अनि इज्जत गर्नुको सट्टा जो सँग विवाह भएकै छैन त्यससँग हामी सम्भोग गर्दछौ । जोसँग हामीले विवाह गरेको छैन त्यससँग सम्भोग गर्ने दुषित भावनाले हामी हाम्रो हृदय भर्दछौ । अरुलाई उनीहरुको सम्पति संरक्षण गर्नमा मद्धत नगरेर हामी उनीहरुको सम्पति तथा चीजहरु चोर्ने प्रयत्न गर्दछौ । आफ्नो छिमेकीवारे वा छिमेकी सँग सत्य कुरा नगरेर उनको बारेमा वा उनलाई असत्य कुरा गर्दछौ तथा भन्दछौ । परमेश्वरले हामीलाई जे जति दिनुभएको छ त्यतिमानै सुखी हुनुको सट्टा हामी ईर्श्या, लोभ अनि असन्तोष जस्तो दूषित भावनाले हाम्रो हृदय भर्दछौ । यस्तो भावनाले हामीलाई छिमेकीको मालसामान उनीहरुबाट अलग गराउन प्रेरित गर्दछ । पापका परिणामहरु हुन्छन् । यसले परमेश्वरसँगको हाम्रो सम्वन्ध बिच्छेद गर्दछ अनि वहाँलाई हामी सँग क्रोधित बनाउँदछ । परमेश्वर एक पवित्र परमात्मा हुनुहुन्छ । वहाँ हामीलाई भन्नुहुन्छ कि हामी श्रेष्ठ हुनुपर्छ किनकि उहाँ श्रेष्ठ हुनुहुन्छ

पृष्ठ ४७ को उत्तरहरु : ५ बद्लियो, ६ शत्रु, मित्र , ७ पवित्र, ८ मौलिक/जन्मजात

। प्रभु येशू भन्नुहुन्छ, “तसर्थ सिद्ध होऊ किनकि स्वर्गमा

। प्रभु येशू भन्नुहुन्छ, “तसर्थ सिद्ध होऊ किनकि स्वर्गमा
तिम्रो पिता सिद्ध हुनुहुन्छ । ( मत्ती ५:४८) यसको अर्थ, हाम्रो एउटा मात्र अवज्ञा परमेश्वरको न्यायमा उभ्याउन पर्याप्त हुन्छ । परमेश्वर याकूब मार्फत हामीलाई भन्नुहुन्छ, “किनकी जसले सम्पुर्ण व्यवस्था पालन गर्दछ तर एउटै कुरामा चुक्तछ भने व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ । (याकूब २:१०) हामी सबैले परमेश्वरको बिरुद्धमा मात्र एउटा भन्दा कैयौँ धेरै पाप गरेका छौ ।

हामी प्रत्येक दिन अनेकौ पल्ट बिभिन्न तरिकाले पाप गरिरहेका हुन्छौ । परमेश्वरले हामीबाट अपेक्षा गरेको पूर्णताको संकेतलाई हामी सबैले पूरा गर्न चुक्तै गईरहेका छौ । पावल लेख्नुहुन्छ , “ प्रत्येकले पाप गरेका छन् । परमेश्वरको कृति अनुसार कसैले कार्य सम्पादन गर्न सकेको हुदैन । ” ( रोमी ३:२३) हामीसबै नर्कमा परमेश्वरको अनन्त फैसला अनुसार हाम्रो पापको सजायको भागीदार बन्दछौ ।

यदि परमेश्वरले हामीलाई उचित स्थान दिने हो भने हामीले अनन्तकाल सम्म नर्कमा बिताउनु पर्नेछ । सट्टामा, परमेश्वरले हाम्रो सजाय उहाँको पुत्र, येशूलाई दिनुभयो । परमेश्वरले सम्पूर्ण संसारको पाप काट्नको निम्ति येशूलाई पठाउनुभयो । त्यसैले उहाँमा विश्वास गर्नाले हामी अनन्त जीवन पाउदछौ । “ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले



राजा आहब इच्छा गर्दछ अनि नाबोधको सम्पति चोर्दछ ।

आफ्नो एकमात्र पुत्र दिनुभयो ताकि उहाँमाथी बिश्वास गर्ने कोहीपनि नाश नहोस तर त्यसले अनन्त जीवन पाओस । (यूहन्ना ३:१६) यो सुसमचार अर्को अध्यायमा छलफल गर्नेछौं ।

९  हामी पापी छौं त्यसैले हामी जे पापजन्य छ त्यो __________, _________ अनि ______________ ।

१० पापको __________________ हुन्छ ।

११ परमेश्वरले हामीलाई ____________ बन्नको लागि भन्नुहुन्छ ।

१२ हामी प्रत्येक दिन ___________ पटक बिभिन्न ______________ ले पाप गर्दछौं ।

१३ हामीले परमेश्वरको अपरिवर्तनशील/अनन्त _____________ नर्कमा भोग्नुपर्नेनै छ ।

१४ परमेश्वरले ________________ संसारको पाप काट्नको निम्ति येशूलाई पठाउनु भयो ।

(आफ्नो उत्तरहरु पृष्ठ ५२ मा हेर्नुहोस । )

## अध्याय चारको पुनरावृति

परमेश्वरले आदम र हव्वालाई बगैंचाको कुनैपनि रुखको फल ( तिनीहरुल) खान पाउने छन भन्नुभयो । तिनीहरुले तर "असल र खराबको ज्ञान दिने रुखको फल" चाहिँ खान पाउदैनथे । शैतानले हव्वालाई परमेश्वरको अवज्ञा गर्न उक्सायो । उनले परमेश्वरको प्रेममाथि शंका गरीन । उनले फल टिपीन र खाईन । उनले फलको केहि अशं आदमलाई दिईन र उसले पनि त्यो खायो । ती दुबै जनाले परमेश्वरलाई अवज्ञा गरेर पाप गरे । जब तिनीहरुले पाप गरे तब तिनीहरु बद्लिए । तिनीहरुले परमेश्वरको प्रेम गुमाए अनि तिनीहरुले एकअर्काको प्रेम पनि गुमाए । यो पापयूक्त अवस्था आदम र हव्वाले हामीसम्म पुर्‍याएका हुन र सबै मानिसहरुमा सारेका हुन । हामी यो संसारमा पापले दुषित भएर आएका हौं । हामी जे सोच्दछौ, बोल्दछौ अनि गर्दछौ त्यो पापयूक्त हुन्छ । पापले गर्दा हामीसँग परमेश्वर रिसाउनु भएको छ । हामी परमेश्वरको अवज्ञा गर्दछौ त्यसैले हाम्रो पाप कर्मको लागि हामी सजायको भागीदार बन्दछौ । यदि परमेश्वरले हामीलाई उचित स्थान दिने हो भने हामीले अनन्तकाल सम्म नर्कमा बिताउनु पर्नेछ । धन्य परमेश्वरले सबै मानिसहरुको पाप पखाल्नको निम्ति येशूलाई पठाईदिनु भयो ।

५१ पेजका उत्तरहरु ९. गराई, भनाई सोचाई १०. बिवेक ११. सिद्ध १२.धेरै प्रकारले १३. न्याय १४.पुरा

## अध्याय चारको परिक्षा

१ परमेश्वरले आदम र हव्वालाई ______________ र ______________ को ज्ञान दिने रुखको (फल) चाहि खान निषेध गर्नु भएको थियो ।

२ परमेश्वरले आदम र हव्वाले बगैँचाको __________ पनि अरु रुखको फल खान सक्नेछन् भन्नु भएको थियो ।

३ ______________ ले हव्वालाई परमेश्वरको अवज्ञा गर्न उक्सायो ।

४ हव्वाले ____________ लाई फलको केहि अंश दिई ।

५ जब आदम र हव्वाले परमेश्वरको अवज्ञा गरे, उनीहरुले गरे ।

६ तिनीहरुले तब परमेश्वरलाई तिनीहरुको ____________ देख्न थाले न कि ________________ ।

७ हाम्रो जीवनको प्रारम्भ देखिनै हामी परमेश्वरले चाहेजस्तो ______________ मानिस होइनौ ।

८ पाप, जुनसँगै हामी संसारमा पैदा भएका, यसलाई ________________ पाप भन्दछौ ।

९ हामी पापी छौ तसर्थ जे पापजन्य छ त्यही हामी
___________ , __________ अनि _____________ ।

१० पापको ___________________ हुन्छ ।

११ परमेश्वरले हामीलाई _______________ बन्नको लागि
भन्नुहुन्छ ।

१२ हामी प्रत्येक दिन ____________________ पटक
बिभिन्न ______________ पाप गर्दछौ ।

१३ हामीले परमेश्वरको अनन्त/अपरिबर्तनशील
_______________ नर्कमा भोग्नु पर्छ नै ।

१४ परमेश्वरले _________________ संसारको पाप
पखाल्नको निम्ति येशूलाई पठाउनु भयो ।


( तपाईको उत्तर पृष्ठ ८२ मा हेर्नुहोस । )



## अध्याय पाँच

## परमेश्वरले प्रतिज्ञा गर्नुभयो अनि उद्धारकर्ता पठाउनु भयो ।

अघिल्ला दुई अध्यायहरु नराम्रा समाचारले भरिएका थिए । शैतान र त्यसका दुष्ट दूतहरुले परमेश्वरको अवज्ञा गरे अनि तिनीहरुले संसारमा सबै प्रकारका दुखहरु र विपत्तिहरु श्रृजना गरे । आदम र हव्वाले परमेश्वरको अवज्ञा गरे अनि उहाँको आदेशको अवहेलना लाई सम्पूर्ण मानबजातिमा थोपरे । तापनि, बाइबलमा असल समाचारहरु पनि छन् । असल समाचार चाहिँ के भने परमेश्वर अझै पनि हामी उहाँ संग स्वर्गमा भएको चाहनुहुन्छ । उहाँ अझ पनि मानिसलाई प्रेम गर्नुहुन्छ त्यसैले सबै मानिसलाई पापबाट बचाउनको निम्ति उहाँले आफ्ना पुत्रलाई संसारमा पठाउनु भयो ।



येशू सबै मानिसहरुको पाप भोग्नुहुन्छ ।

यो अध्याय पढिसकेपछि तपाई  भन्न सक्नुहुन्छ कि :

* परमेश्वरले पापबाट संसारलाई कसरी मुक्ति दिनु भयो ;
* येशूले सबै मानिसहरुको पाप पखाल्नको निम्ति के गर्नुभयो ;
* येशूमाथिको विश्वास द्धारा परमेश्वरले हामीलाई आशिष दिनुहुन्छ ।

शैतान सफल भएभ्कै देखापर्छ । आदम र हव्वाले परमेश्वरको अवज्ञा गरे । पापले तिनीहरुलाई दुषित बनाएको थियो । शैतानले तब उसलाई र उसका दुष्टआत्माहरुलाई दोषी ठहर गरेर नर्क पठाए जस्तै आदम र हव्वा अनि तिनका सबै सन्ततिहरुलाई परमेश्वरले नर्क पठाउनुपर्नेछ भन्ने भन्ठान्दछ । शैतानले गलत सोचेको थियो । हो, आदम र हव्वा अनि तिन बाट उत्पन्न भएका सबै मानिसहरु पाप द्धारा दुषित भईसकेका थिए भन्ने कुरा परमेश्वरलाई थाहा थियो । हो, परमेश्वर पवित्र हुनुहुन्छ अनि उहाँको विरुद्धमा दुष्कर्म गर्नेहरुसँग रिसाउनु हुन्छ । हो ,परमेश्वर न्यायोचित हुनुहुन्छ र मानव जातिको दुष्कर्म लाईृ बेवास्ता गर्न  सक्नु हुन्न । हो नै, परमेश्वरले उहाँको आदेश उल्लघंन गर्नेहरु सबैलाई सजाय दिने धम्की दिनु हुन्छ । तापनि, परमेश्वर स्नेहमयी परमेश्वर नै हुनुहुन्छ । उहाँ लाई थाहा  थियो कि  मानव जाति उहाँवाट  सजाय पाउन कै लायक थियो र पनि उहाँ चाहनुहुन्छ कि  हामी उहाँसंगै स्वर्गमा हुनुपर्दछ । त्यसकारण परमेश्वरले सवै मानिसहरुलाई पाप बाट  मुक्ति दिनको निम्ति उहाँको पुत्रलाई पठाउने प्रतिज्ञा गर्नु भयो ।

परमेश्वरले शैतानलाई भन्नुभयो " म त र तेरो स्त्रीको विचमा घृणा हाली दिन्छु । तेरो सन्तान र स्त्रीका सन्तान शत्रु हुनेछन् । उसको सन्तानले तेरो (सन्तानको) टाउको कुच्याउने छ र त उनको (येशूको) कुर्कुच्चा डस्नेछस् । (उत्पति ३:१५) । यहाँ परमेश्वरले उद्धारकर्ताको पहिलो प्रतिज्ञा दिनुभयो । परमेश्रले संसारका सवै मानिस हरुलाई उद्धार गर्नको निम्ति उहाँको पुत्रलाई पठाउने योजना बनाउनु भयो । यसो गर्नको लागि, उहाँ एउटा सच्चा मान्छे नै हुनु पर्दथ्यो । उहाँले शैतानलाई हाम्रो निम्ति युद्धमा परास्त गर्नु पर्दथ्यो । शैतानले उद्धारकर्तालाई कस्ट दिन्थ्यो तर त्यही कष्ट द्धारा नै उद्धाारकर्ताले शैतान लाई परास्त गर्नु पर्दथ्यो ।

१.परमेश्वर पवित्र हुनुहुन्छ अनि उहाँ विरुद्धमा दुष्कर्म गर्नेहरुसंग _______________ हुन्छ ।

२. परमेश्वर __________ कै परमेश्वर हुनुहुन्छ ।

३. परमेश्वरले ________ मानिसहरुलाई पाप वाट मुक्ति दिनको निम्ति उहाँको __________ पठाउने प्रतिज्ञा गर्नुभयो ।

(तपाईको उत्तरहरु पृष्ठ ६० मा हेर्नुहोस)

समग्र पुरानो करार अवधि भरी नै परमेश्वरले मानिसहरुलाई उहाँ को पुत्र संबै मानिसहरुलाई पाप वाट मुक्त गर्न आउनु हुनेछ भन्ने संझाई रहनु हुन्थ्यो ।

परमेश्वरले अव्राहमलाई उनकै सन्तानहरुवाट उद्धारकर्ता उत्पन्न हुने छन भन्नुभएको थियो । परमेश्वले भन्नुभयो, ” ससारका सवै देशहरु तिम्रै कारणले प्रशंशित हुनेछन् । ” ( उत्पति १२:३) उहाँले दाउदलाई उनकै सन्तानबाट उद्धारकर्ता उत्पन्न हुनेछ भन्नुभयो । उहाँले दाउदलाई भन्नुभयो, “तिम्रो शाहि गृह अनि तिम्रो राज्य मेरो दृष्टिमा अनन्तकाल सम्म रहेने छ ।” ( २ सामुयल ७:१६ ) परमात्माले सुचित गर्नुभयो कि उद्धारकर्ता वास्तविक परमेश्वर र साँचो मान्छे बन्ने छ । परमेश्वरबाट प्रेरित भविश्यवक्ता यशैया लेख्ने क्रममा भन्नुहुन्छ “ एउटा बालक (उद्धारकर्ता हामी विचमा जन्म लिने छ । एउटा पुत्र हामीलाई प्रदान गरिने छ । उहाँले. हामी माथि शासन गर्नुहुनेछ ।अनि उहाँलाई अचम्मको परामर्शदाता र शक्तिशाली परमेश्वर भनिने छ । उहाँलाई अमर परमपिता पनि भनिने छ अनि शान्ति ल्याउने राजकुमार पनि । ” ( यशैया ९:६) परमेश्वरले भविष्यवाणी गर्नु भएको थियो कि उद्धारकर्ताले हाम्रो पापको सजाय भोगेर हामीलाई मुक्त गर्नु हुनेछ । “ हामीले भाग्नुपर्ने कष्ट उहाँले भोग्नु भयो । ती कष्टहरु हाम्रो हुनुपर्दथ्यो तर उहाँ आफैले लिनुभयो ...... हामीलाई फेरी पुर्णता दिनको निम्ति उहाँलाई सजाय दिईयो । ”

उहाँको चोटहरुले हामीलाई निरोग पार्दछ । (यशैया ५३) पुरानो करार अनुसार परमेश्वरले इजरायलका मानिसहरुलाई भन्नुभयो उद्धारकर्ताले आफ्नो रगत बगाएर कसरी सबै मानब जातिलाई बचाउनु भयो ।

अन्त्यमा परमेश्वरको योजनाअनुसार जब सबथोक ठीकठाक भयो, उहाँले आफ्नो पुत्रलाई सबै मानिसहरुलाई पाप बाट मुक्त गर्न पठाउनु भयो । "तर जब ठिक समय आयो तब परमेश्वरले उहाँको पुत्र पठाउनु भयो । एक महिलाले उहाँलाई जन्म दिईन । उहाँ विधिको शासन अनुसार जन्मनु भयो । उहाँ जो व्यवस्थाद्धारा बाधिएका थिए तिनीहरुलाई मुक्त गर्न आउनु भयो । उहाँ हामीलाई सम्पूर्ण अधिकार सम्पन्न बालबालिकाको रुपमा अपनाउन चाहानुहुन्थ्यो " ( गलाती ४:४५) परमेश्वरले मरियम जो नाजरथमा कुमारी थिइन, लाई उद्धारकर्ताको आमा हुनेछौ भन्नु भयो । (लुका १::२६:३८) प्रतिज्ञा गरिएको उद्धारकर्ता मानव पिताबाट जन्मनु भएको थिएन । तर (बद्लामा) उहाँ पवित्र आत्मा परमेश्वरको शक्ति द्धारा गर्भमा रहेको र कुमारी मरियमबाट जन्मनु भएको थियो ।

येशू पवित्र आत्मा द्धारा गर्भमा रहेको हुनाले उहाँमा कुनै पाप थिएन । लुका आफ्नो सुसमचारमा लेख्छन् "स्वर्गदूतले (मरियमलाई) उत्तर दिन्छ, पवित्र आत्मा तिमीकहाँ आउनुहुनेछ । सर्बशक्तिमान परमेश्वरको शक्तिले तिमीलाई ढाक्ने छ । तसर्थ, पवित्र आत्मा जसले जन्म लिन्छ उसलाई परमेश्वरको पुत्र भनिने छ " ( लुका १:३५) येशू हामी जस्तै पुर्ण रुपले प्रकृत मान्छे हुनुहुन्थ्यो । तापनि उहाँ कुनै पाप सँगै पाप युक्त जन्मनु भएको होईन , अनि

पुष्ठ ५८ का उत्तरहरु : १ रिसाउनु ; २ प्रेम ; ३ सबै, छोरा/पुत्र

उहाँले कहिल्यै कुनै पाप गर्नु भएन । प्रेरित पत्रुस अगमवक्ता यशैयाले लेखेको बारेमा भन्नुहुन्छ , “उहाँले कुनै पाप गर्नु भएन । उहाँको मुखबाट कहिल्यै झुठो वचन निस्किएन ” ( पत्रुस २:२२ )

४ परमेश्वरले ____________________ लाई उनको सन्ततिबाट उद्धारकर्ता आउने छ भन्नुभएको थियो ।

५ परमपिताले भबिष्यवाणी गर्नुभएको थियो कि ____________ ले हाम्रो पापको _____________ भोगेर हामीलाई मुक्त गर्नुहुनेछ ।

६ परमेश्वरले आफ्नो पुत्रलाई सबै मानिसहरुलाई पापबाट गर्न पठाउनु भयो ।

७ येशू कुनै पाप लिएर ______________ भएको थिएन, अनि उहाँले कहिल्यै कुनै ____________ गर्नु भएन ।

(आफ्नो उत्तरहरु पृष्ठ ६२ मा हेर्नुहोस)

येशू को हुनुहुन्थ्यो ? उहाँ मरियमबाट जन्मेको प्रकृत मान्छे हुनुहुन्थ्यो । एकजना स्वर्गदूतले मरियमलाई भन्यो, “ तिमी गर्भवती हुनेछ्यौ अनि एउटा छोरालाई जन्म दिने छ्यौ ” (लुका १:३१) उहाँ सच्चा परमेश्वर पनि हुनुहुन्थ्यो, पिता अनि अनन्त पवित्र आत्मा । येशुले भन्नुभयो , “म र परम पिता एकै हौं ” ( यूहन्ना १०:३०) । येशू परमेश्वर एवमं मानिस दुवै हुनुहुन्थ्यो । ” येशू सिसेरा फिलिपी क्षेत्रमा

जानुभयो । त्यहाँ उहाले आफ्ना शिस्यहरुलाई सोध्नुभयो " मान्छेको छोरालाई मानिसहरु के ठान्दछन् ? ........ सिमोन पत्रुस जबाब दिन्छन, " तपाई येशु हुनुहुन्छ " तपाई परमपरमेश्वर को पुत्र हुनुहुन्छ (मत्ती १६:१३, १६ ) । यो कसरी हुनसक्छ भन्नेचाहि हाम्रो लागि रहस्यनै हो । यो तर सत्य हो, बाइवलले हामीलाई स्पष्ट भन्दछ । परमेश्वरको आदेशहरु पालन गर्नको निम्ति र हाम्रो पाप भोग्नको निम्ति, येशू प्रकृत मान्छे बन्नै पर्दथ्यो । " उहाँ विधिको विधान अनुसार जन्मनु भएको थियो " (गालाती ४:४,५) । सबै मानिसहरुको प्रतिनिधित्व गर्नको लागि, येशू सच्चा परमेश्वर बन्नु परेको थियो । "हामीलाई फेरी पूर्णता दिनको निम्ति उहाँलाई सजाय दिइयो । (यशैया ५३:४ ६) । कुनै मान्छेले पनि सबै मानिसहरुको पापको भागीदार बन्ने जिम्मा लिन सक्दैन । येशू मात्र परमेश्वर मानव भएकाले यसो गर्न सक्नु भयो ।

येशूले परमेश्वरका सबै आज्ञाहरु हाम्रो निम्ति पालन गरिदिनु भयो । उहाँ मात्र एक श्रेष्ठ बालक हुनुहुन्यो जो अमर हुनुहुन्छ हुन्छ । येशूले मात्र मानिसहरुलाई आफूले कुनै पाप गरेको भए देखाउ भनि हाँक दिन सक्नु हन्थ्यो । उहाँ ती मानिसहरुलाई भन्नुहुन्थ्यो, " तिमीहरु मध्ये कसैले मलाई पापको दोषी प्रंमाणित गर्न सक्छौ ? ( यूहन्ना ८:४६) कसैले सक्दैनथे, किनकि उहाँले कहिल्यै परमेश्वरको इच्छा बिपरित केहि गर्नु भएन ।

पृष्ठ ६१ का उत्तरहरु : ४ अब्राहम ५ उद्धारकर्ता, सजाय ; ६ मुक्त
७ जन्मनु, पाप)



येशूलाई सिपाहीहरुले जिस्क्याउछन्

हामीलाई वचाउनको निम्ति, येशूले संसार भरिकै पापको मूल्य चुकाउनु परेको थियो । त्यो मुल्य चुकाउनु भनेको नर्कको कष्ट भ्केल्नु थियो । यो येशूले सबैको निम्ति गर्नुभयो । जब उहाँलाई क्रसमा टाँगियो, उहाँ चिच्याउनु भयो, “हे परमेश्वर ‼ हे परमेश्वर ‼ मलाई किन तिरस्कार गर्नु भएको ? ” (मत्ती २७:४६) । परमेश्वरले सबै मानिसहरुको पाप येशूमा थोपरी दिनुभयो , अनि ति पापहरुको निम्ति सजाय दिनुभयो । येशूले सबै मानिसहरुको पापको मूल्य पूरा पूरा चुकाउनु भयो । जब येशूले आफ्नो कष्ट भोगाई सिध्याउनु भयो, उहाँले भन्नुभयो, “अब सिद्धियो ” ( यूहन्ना १९:३०) यस भन्दा धेरै केहि गर्नु आवश्यक थिएन । अरु धेरै गर्न सकिन्न थियो पनि । येशूले यो सब पूरा गर्नुभयो ।

जब येशुले आफ्नो कष्ट भोगाई सिध्याउनु भयो, उहाँले भन्नुभयो, “हे पिता म मेरो आत्मा तपाइृको हातमा सुम्पिन्छु ” ( लुका २३:४६) । तव उहाँ, मर्नु भयो अनि उहाँको आत्मा स्वर्ग गयो । उहाँको शरीर क्रसबाट तल भ्कारियो अनि अरिमाथियाको जोसेफको चिहान नजिकै गाडियो । तापनि येशू मर्नु भएको थिएन । वहाँलाई शुक्रवार अपरान्ह गाडिएको थियो । आइतबार एका विहानै उहाँ मृत्यु बाट बौरिनु भयो । चिहानले उहाँलाई रोक्न सकेन ।

८ येशू  सच्चा__________ र सच्चा______________ हुनुहुन्थ्यो ।

९ परमेश्वरको आदेशहरु पालन गर्नको निम्ति अनि हाम्रो पापहरु भोग्नको निम्ति येशू प्राकृत_______________________ बन्नै पर्दथ्यो ।

१० सबै मानिसहरुको प्रतिनिधित्व गर्नुको निम्ति येशू सच्चा बन्नुपर्दथ्यो ।

११ परमेश्वरले सवै मानिसहरुको पाप ___________________ मा थोपरीदिनु भयो अनि उनिहरुको निम्ति _________________ दिनुभयो ।

१२. जव येशूले सवै कष्ट भोगि सक्नुभयो, तव भन्नु भयो , “यो ________________ ।”

१३.येशूको शरीर अरिमाथियाको जोसेफको कव्रस्थानमा ______________ । उहाँको ____________ स्वर्गमा गयो ।

१४ _____ एका विहानै, येशू मृत्युवाट_______भयो ।


(आफ्नो उत्तरहरु पृष्ठ ६६ मा हेर्नुहोस)

येशू मृत्युबाट वौरिनुले उहाँ सच्चा परमेश्वर हुनुहुन्छ भन्ने वुझाउछ । प्रेरित पावल लेख्छन् “ पवित्र आत्माको शक्तिद्धारा उहाँ परमेश्वरको सर्वशक्तिमान पुत्र

नियूक्त हुनुभएको थियो  किनकि उहाँ मृत्यु वाट वौरिनुभयो । उहाँ येशुख्रीष्ट हाम्रो परमपिता हुनुहुन्छ । (रोमी ,१:४) । उहाँले भन्नुभयो उहाँ मृत्युवाट वौरिनु हुनेछ, अनि उहाँले त्यसै गर्नु भयो । परमेश्वरले मात्र त्यसो गर्न सक्नु हुन्छ । उहाँको मृत्यु वाट  बौंरिनु ले वताउदछ कि उहाँले हाम्रो पापको सम्पूर्ण मुल्य चुकाउनु भयो । यदि येशू मुर्दा नै रहेको भए हामीलाई उद्धार गर्ने उहाँको उदेश्य असफल हुने थियो । पावल भन्नुहुन्छ “ यदि येशू नबौरिएको भए तिम्रो विश्वासको  कुनै अर्थ रहन्न थियो । तिम्रो पाप क्षमा गरिन्दैन थियो ”(१, कोरिन्थी १५:१७) हामी जान्दछौं कि उहाँले जे उदेश्य  राख्नु भयो त्यही हासिल गर्नुभयो किनकि उहाँ बौंरिनु भयो । उहाँले सवै मानिसहरुको पाप भुगतान गरेको परमेश्वरले स्वीकार गर्नुभयो । परमेश्वरले समस्त संसार “दोषी छैन” भनी  खुलासा गर्नु भयो किनकि हामी जो दोषी छौ, उसैले भोग्नु पर्ने दुःख येशूले भोग्नु भयो । येशूद्धारा परमेश्वर संसारलाई आफूर्तफ खिच्दै हुनुहन्थ्यो । परमेश्वरले मानिसहरुको पाप उनिहरुको विरुद्धमा धारण गर्नुभएन । परमेश्वरले मानिसहरुलाई उहाँकोमा ल्याइन्छ भन्ने समाचार दिएर हामीमा विश्वास गर्नु भएको छ । तर्सथ हामी परमेश्वरका आधिकारिक संदेशवाहक हौं ।यो चाँहि मानिलिऊ, परमेश्वर हामीद्धारा उजुर गर्दै हुनुहुन्थ्यो । यहाँ नेर, येशू हामीलाई त्यसो गर्न प्रार्थना गरोस भन्ने चाहनु हुन्छ । परमेश्वर कहाँ फर्कि आऊ ।

६५ पेजका उत्तरहरुः८ परमेश्वर मानिस ९. मानिस १०.परमेश्वर ११. येशू दण्डितहुनु १२.समाप्त भयो १३. गाडियो १४. आईतबार बौरिउठे

येशूको कुनै पाप थिएन । तर परमेश्‍वरले हाम्रो निम्ति उहाँलाई पापी हुन  लगाउनु भयो । येशूले हाम्रो निम्ति जे गर्नु भयो त्यस कारणले हामी परमेश्‍वर समक्ष ठिक हुन सक्छौँ,"(२कोरिन्थी ५:१९ २१) येशू हामीलाई पाप वाट मुक्ति दिने उद्धारकर्ता, प्रति विश्‍वासको कारणले हामी क्षमादानको फाइदा उठाउँन सक्छौँ जुन उहाँले सवै मानिसहरुको निम्ति प्राप्त गर्नु भयो । जसले येुलाई अस्वीकार गर्दछन उनिहरुले क्षमा  को फाइदा लिन सक्तैनन् जुन उनिहरुको निम्ति उहाँले (येशूले) प्राप्त गर्नु भएको हो । येशूले भन्नुभयो "जसले विश्‍वास गर्दछ र बप्तिसमा लिएको छ ऊ वाच्दछ तर जसले विश्‍वास गर्दैन उसले सजाय पाउँदछ")( मर्कुस १६:१६) येशू मृत्युवाट बौरिनुले पनि हामीलाई वताउँदछ कि उहाँ हामीलाई मृत्यु वाट वचाउनको लागि वाँच्नु हुन्छ । येशू साच्चैनै मृत्युवाट बौरिनु भएको थियो । उहाँ बौरिनेहरु मध्येको पहिलो हुनुहुन्छ " ( १ कोरिन्थी. १५:२०) । मृत्युले येशूलाईं  रोक्न सकेन । यसले हामीलाई पनि रोक्न सक्तैन । जव येशूमा विश्‍वास गर्नेहरु मर्दछन्, तिनीहरुको आत्मा येशूको साथमा स्वर्गमा पुग्दछ । येशूले मर्न लागेको लुटेरालाई भन्नुभयो, "आज तिमी मसँग स्वर्गमा हुनेछौ " (लुका २३:४३) जव येशूमा विश्‍वास नगर्नेहरु मर्दछन् तिनीहरुको आत्मा नर्कमा जान्छ । एउटा धनी मान्छेको कथामा येशूले भन्नुभयो "नर्कमा एउटा धनी व्यक्ति धरै नै दुःख पाई रहेको थियो " (लुका १६:२३) फैसलाको दिन येशूले सवै मान्छेहरुलाई मृत्युवाट जगाउनु हुनेछ ।



मृत्युवाट बौरिएपछि येशूले दुई जना महिलाहरुलाई
अभिवादन गर्नुभयो

अन्तिम न्यायको निम्ति सवै मानिसहरुलाई उहाँ समक्ष भेला गर्न येशूले आफ्नो स्वर्गदूतहरुलाई पठाउनु हुनेछ । येशूलाई उनीहरुको पापको उद्धारकर्ता भनी विश्वास गर्नेहरुलाई उहाँ आफूसंग नयाँ संसार अनि नयाँ र्स्वगमा लैजानु हून्छ । त्यहाँ उनीहरु येशूको स्नेही उपस्थितिमा सदाका निम्ति रहने छन् । जसले येशूलाई उनिहरुको पापको उद्धारकर्ता भनि स्वीकार गरेनन् तिनीहरु सदाको निम्ति नर्कमा रहनेछन्, सदाको निम्ति येशूको स्नेही उपस्थिति वाट अलग रहनेछन् । येशू हामीलाई उपदेश दिनुहुन्छ "चिहानमा भएकाहरु सवैले उहाँ (परमपिता परमेश्वर ) को आवाज सुन्ने समय आउदैछ । जसले असल (कार्य) गरेका छन् तिनीहरु जाग्नेछन्  अनि फेरि वाँच्नेछन् । जसले खराव कार्य गरेका छन् तिनीहरु जाग्नेछन् अनि दोषी ठहरिने छन् " (यूहन्ना ५:२८,२९)पापले दूषित पारेको संसारमा वस्ने हामीहरु अझपनि  पापी नै छौ । हाम्रो कृयात्मक स्वभाव अझ पनि पापयुक्त नै छ । हामी दिनहुँ जसो परमेश्वर संग आफुले गरेका सम्पूर्ण गल्तीहरुको लागि क्षमा माग्न चाहन्छौ । दिनहुँ जसो हामी येशू, जसले सवै मान्छेहरुको पाप भोगिदिनु भयो उहाँ संग हाम्रो विश्वास बिसाउँदछौ । दिनहुँ हामी परमेश्वरको सदिच्छा पालन गर्दै भन्दछौ " मेरो लागि गरीदिनु भएको सवथोकको निम्ति धन्यवाद छ  येशू तपाईलाई । "

यो संसारमा, विश्वास गर्नेहरु अझ पनि दुःखी र विरामी हुन्छन् । तिनीहरु आफूले गरेको पाप कर्मको परिणाम भोग्दछन् । तिनीहरुमा कष्ट र वेदना हुन्छ नै । तापनि येशूलाई हाम्रो पापको सजाय दिइएकोले

परमेश्वरले विश्वास गर्नेहरुलाई उनिहरुको पापको (निम्ति) सजाय दिनुहुन्न । निकोदेमससंग वोल्दै गर्दा येशूले भन्नु भयो,“जसले उहाँ (परमेश्वर पुत्र)माथि विश्वास गर्छ उसलाई दोषी ठहर गरिदैन“ (यूहन ३:१८) येशूले प्रेम गर्नु हुन्छ भन्ने न्यानोपन हामीलाई संधै प्राप्त छ अनि उहाँ माथिको विश्वासले गर्दा हाम्रो पाप माफी गरियो भन्ने पनि छ । येशू हामी सँग सदासर्वदा स्वर्गमा बस्न चाहनुहुन्छ भन्ने कुरामा हामी पूर्ण विश्वस्त हुन सक्तछौ । परमेश्वर अगमवक्तालाई लेख्नको लागि भन्नु हुन्छ, उनिहरुलाई भनिदेउँ “जव पापी मान्छे मर्दछ मलाई कुनै हर्ष हुदैन । तर जव तिनीहरु आफ्नो पापवाट मुक्ति हुन्छन अनि बाँच्दछन्, त्यसैले मलाई धैरै खुशी तुल्याउँछ । त्यो चाहिँ म आफू वाँचेको नै हो,” भनेर परमात्मा उद्घोष गर्नु हुन्छ ( ईजकिएल ३३:११) । यो पापयुक्त संसार सदा सर्वदा रहनेवाला छैन । यो वित्दै जादैँछ । परमेश्वर अगमवक्ता पाल मार्फत हामीलाई भन्नुहुन्छ “यो संसार जुन अहिले अस्तित्वमा छ वित्दै जादैँछ ” (१ कोरिन्थी ७:३१ ।) एकदिन परमेश्वरले सम्पूर्ण विश्व जलाई दिनुहुनेछ । उहाँ अगमवक्ता पत्रुस द्वारा हामीलाई भन्नु हुन्छ परमेश्वरको दिन चोर जस्तै गरेर आउने छ । स्वर्ग एक गर्जन संगै अदृश्य हुनेछ । आगोले त्यहाँ भएको सवै थोक नष्ट गर्नेछ । परमेश्वरले पृथ्वी र यसमा भएका सवथोकको फैसला गर्नु हुनेछ । तर्सथ सवैथोक नष्ट हुनेछ ” (२ पत्रुस ३:१०,११)। उहाँले हाम्रो लागि एउटा नयाँ घर अनि आदम र हव्वालाई (उहाँले) बनाई दिएको जस्तै एउटा स्वर्ग हामीलाई पनि बनादिनुहनेछ । पत्रुस पनि हामीलाई भन्नुहुन्छ “ हामी नयाँ स्र्वग, नयाँ पृथ्वीको प्रतिक्षामा छौं । इश्वरत्वले त्यहाँ

उसकै घर निर्माण गर्नेछ । तर यो सव परमेश्वरको आज्ञा अनुसार हो ” (२ पत्रुस ३:१३) हाम्रो नयाँ घरलाई कुनै प्रकारको पापले कहिल्यै दुषित पार्न सक्ने छैन । त्यहाँ कहिल्यै पनि जाडो, गर्मी, भोक र तिर्खाले उत्पन्न दुःख र विरामी हुने छैन । त्यहाँ प्रेमहीन कुनै पनि कार्यहरु मानिसद्धारा गरिनेछैनन् किनकि स्वर्गमा सवै विश्वासीहरु पापरहित हुनेछन् । त्यहाँ मृत्यु हुनेछैन । कसैले पनि हामीलाई एका अर्का वाट छुटयाउन सक्ने छैन । हामी सदा सर्वदा हाम्रो उद्धारकर्ताको अनुहार देख्नेछौ अनि उहाँ संग आनन्द र सुखसाथ वस्नेछौं । परमेश्वर स्वर्ग कस्तो खालको हुनेछ भन्ने बारे हामीलाई भन्नुहुन्छ, “ तिनीहरु ( विश्वासीहरु) फेरि कहिल्यै भोको हुनेछैनन्, प्यासी हुने छैनन् । सूर्यले तिनीहरुलाई डढाउने छैन । मरुभूमिको तापले तिनीहरुलाई पोल्ने छैन । पाठो (येशू) जो ( परमेश्वरको) राजगद्धी वरिपरि क्षेत्रको केन्द्रमा हुनुहुन्छ, तिनीहरुको गोठाला हुनुहुनेछ । उहाँ तिनीहरुलाई जीवित पानीको मुहान तर्फ लैजानु हुनेछ । अनि परमेश्वरले तिनीहरुको आँखाको एक एक थोपा आँशु पुछिदिनु हुनेछ ” (प्रकाश ७ :१६,१७)

यो सव प्रभु येशू सवैलाई वचन दिनुहुन्छ जसले उहाँलाई पापको उद्धारकर्ता भनि विश्वास गर्दछन् । येशू आफ्नो सवै वचनहरु पुरा गर्नुहुन्छ । उहाँ यस संसारमा आउनु भयो, ,जिवन निर्वाह गर्नुभयो, मर्नु भयो अनि सवै मानिसहरुलाई उनीहरुको पापवाट वचाउनको निम्ति फेरि वौरिनु भयो । तपाई र सवै विश्वास पात्रहरुलाई वहाँसंगै

सदा सर्वदा स्वर्गमा वस्नको निम्ति येशू फेरि लिन आउनुहुनेछ । त्यसको निम्ति तपाई ढुक्क भए हुन्छ ।

म तर यहाँ परदेशी हुँ, स्वर्ग मेरो घर हो ।
पृथ्वी एउटा उराठलाग्दो मरुभुमी हो ; स्वर्ग मेरो घर हो ।
खतरा अनि दुख उभिन्छ,म समक्ष प्रत्येक क्षण ।
स्वर्ग मेरो पितृभूमि हो; स्वर्ग मेरो घर हो ।

(डरलाग्दो) तुफान आएपनि; स्वर्ग मेरो घर हो ।
मेरो  यात्रा छोटो छ ; स्वर्ग मेरो घर हो ।
अनि समय अशासनीय छ, चिसो तिव्र छ तर चाडैंनै बित्नेवाला छ ;
अन्त्यमा म घर पुग्नेछु ; स्वर्ग मेरो घर हो ।

त्यहाँ मेरो उद्धारकर्ताको छेउमा   स्वर्ग मेरो घर हो
म गौरवान्वित हुनेछु ; स्वर्ग मेरो घर हो ।
त्यहाँ असल र धन्यहरु छन् , जसलाई म औधी र सबभन्दा उत्तम प्रेम गर्छु ।
अनि त्यहाँ मैले पनि आराम लिनु छ ; स्वर्ग मेरो घर हो ।
तसर्थ म गनगन गर्दिन ; स्वर्ग मेरो घर हो ।
मेरो सांसारिक भाग्य जस्तो भएपनि, स्वर्ग मेरो घर हो ।

बाट साभार ।



येशू हाम्रो असल गोठाला हुनुहुन्छ

१५ येशू मृत्यु बाट बौरिनुले हामीलाई बताउदछ कि उहाँ साच्चिकै ________________ हुनुहुन्छ ।

१६ येशू मृत्युबाट बौरिनुले हामीलाई बताउदछ कि उहाँले हाम्रो पापको मोल पुरापुरा ______________ भयो ।

१७ येशू माथिको __________ ले, सबै मानिसहरुको निम्ति उहाँले प्राप्त गर्नुभएको ______________ को फाइदा हामी लिन सक्छौ ।

१८ येशू मृत्युबाट बौरिनुले हामीलाई बताउदछ कि उहाँ हामीलाई______________ को निम्ति ______________ हुन्छ ।

१९. हामी यस संसारमा अझ पनि ______________पाउदछौं अनि विरामी पनि पर्दछौं । तापनि हामीलाई____________ ले प्रेम गर्नुहुन्छ भन्ने कारणले हामी पीडां मुक्त हुदछौं ।

२०.येशू हामी सदासर्वदा _______________ मा __________________ चाहनुहुन्छ भन्ने कुरामा हामी पूर्ण विश्वस्त हुन सक्तछौ ।

२१ स्वर्गमा, हामी ____________ हाम्रो उद्धारकर्ताको अनुहार देख्न सक्नेछौ अनि उहाँ सँग ______________ र ____________ साथ बस्नेछौ ।

२२ म तर यहाँ परदेशी हुँ ; ____________ मेरो घर हो ।

तपाईका उत्तरहरु पेज नं.७६ मा हेरेर जाच्नुहोस

## अध्याय पाँचको पुनरावृत्ति

आदम र हव्वाले परमेश्वरको अवज्ञा गरे । परमेश्वरलाई थाहा थियो कि आदम अनि हव्वा र सवै मानिसहरु पापले दूषित भएका छन् । उहाँलाई थाहा थियो कि सवैजना सजायको भागीदार वन्न लायक छन् । र पनि उहाँ पापीहरुको संसारलाई प्रेम गर्नु हुन्थ्यो । उहाँ अझपनि इच्छा राख्नुहुन्छ कि सवै मानिसहरु उहाँ संग स्वर्गमा होऊन । परमेश्वरले सवै मानिसहरुलाई तिनिहरुको पाप वाट मुक्त गर्न आफ्नो पुत्र पठाउने वचन दिनुभयो । उहाँले पुरानो करार (बाइबल) को समय क्रम मार्फत आफ्नो पुत्र सच्चा मान्छे हुनेछ अनि सवैलाई पापवाट मुक्त गर्ने छ भन्ने सन्देष स्मरण गराई रहनु भयो । अन्त्यमा जव परमेश्वरको योजना अनुसार सव थोक व्यवस्थित भयो, तव उहाँले सवै मानिसहरुलाई पाप वाट मुक्त गर्नका निम्ति उहाँको पुत्र येशू लाई पठाउनु भयो । परमेश्वर संग नाजरथ कि एक कन्या केटी मेरियम थिइन् जो उद्धार कर्त्ताको आमा वन्नु थियो । येशू पवित्र आत्मा द्धारा गर्भवती भएर

कन्या केटी मरियाम वाट जन्मनु भयो । येशू सच्चा परमेश्वर र सच्चा मान्छे हुनुहुन्थ्यो । उहाँले व्यवस्था मान्ने मान्छे हुनु थियो अनि हाम्रो पाप काटनु थियो । उहाँले सवै मानिसहरुको प्रतिनिधित्व गर्ने परमेश्वर हुनु थियो । येशूले हाम्रो लागि परमेश्वरको सवै आदेशहरु पालन गर्नु भयो । येशूले कलभरीको क्रुसमा टाँगिएर हाम्रो पापहरुको सजायसमेत भोग्नु भयो ।जव उहाँले मानिसहरुका पाप चुक्ता गर्नु भयो, उहाँ मर्नु भयो अनि उहाँलाई गाडियो । तेस्रो दिन, इस्टर आइतवार, येशू मृत्यु वाट बौरिनु भयो ।

उहाँ मृत्यु बाट बौरिनुले हामीलाई बताउदछ कि येशू साच्चिकै परमेश्वर हुनुहुन्थ्यो । उहाँले हाम्रो पापहरु पुरै चुकाउनु भयो । उहाँ हामीलाई मृत्युबाट जगाउनको निम्ति जीवित रहनुहुन्छ । येशूमाथिको विश्वास द्वारा उहाँले सबैको निम्ति प्राप्त गर्नुभएको क्षमा हामी आफ्नै हैसियतमा प्राप्त गर्दछौ ।

येशू वचन दिनुहुन्छ कि उहाँ माथिको विश्वाशद्वारा हामी उहाँ सँग स्वर्गमा अनन्त जीवन प्राप्त गर्दछौ । येशू उहाँको ( परमेश्वरको) सबै बचनहरु पालन गर्नुहुन्छ । तपाई निश्चित हुनसक्नुहुनेछ कि येशूमा विश्वास राख्नाले तपाईले अनन्त जीवन प्राप्त गर्नुहुनेछ ।

यो संसार हाम्रो वास्तविक घर होईन । स्वर्ग हाम्रो घर हो । येशूमा विश्वास राख्नाले यो हाम्रै हुन्छ ।

पेज नं. ७४..७५ का उत्तरहरु: १५. परमेश्वर १६. तिरियो १७.बिश्वास
१८. क्षमा १९.जीउछ  बौरिनु २०. चोट येशू

## अध्याय पाँचको परिक्षा

१. परमेश्वर पवित्र हुनुहुन्छ अनि उहाँ विरुद्धमा पाप गर्नेहरुसँग __________ हुन्छ ।

२. परमेश्वर ___________ कै परमेश्वर हुनुहुन्छ ।

३. परमेश्वरले ___________ मानिसहरुलाई पापबाट मूक्ति दिनको निम्ति उहाँको ____________ पठाउने वचन दिनुभयो ।

४ परमेश्वरले ______________ लाई उनको सन्तति बाट उद्धारकर्ता आउने छ भन्नुभएको थियो ।

५. परमपिताले भविष्यवाणी गर्नुभएको थियो कि ___________ ले हाम्रो पापको ____________ भोगेर हामीलाई मुक्त गर्नुहुनेछ ।

६. परमेश्वरले आफ्नो पुत्रलाई सबै मानिसहरुलाई पापबाट _____________ गर्न पठाउनु भयो ।

७. येशू कुनै पाप लिएर ______________ भएको थिएन, अनि उहाँले कहिल्यै कुनै _______________ गर्नुभएन ।

८ येशू सच्चा _______ र सच्चा _________ हुनुहुन्थ्यो ।

९ परमेश्वरको आदेश पालन गर्नको निम्ति अनि हाम्रो पापहरु भौग्नको निम्ति येशू प्राकृत ____________ बन्ने पर्दथ्यो ।

१०. सबै मानिसहरुको प्रतिनिधित्व गर्नको निम्ति येशू सच्चा ____________ बन्नुपर्दथ्यो ।

११. परमेश्वरले सबै मानिसहरुको पाप _________ माथि थोपरी दिनुभयो अनि उनीहरुको निम्ति ______ दिनुभयो ।

१२. जब येशूले सबै कष्ट भोगिसक्नु भयो, तब भन्नुभयो, " यो _________ । "

१३. येशूको शरीर अरिमाथियाको जोसेफको कब्रस्थाननिर ______________ । उहाँको __________ स्वर्गमा गयो ।

१४. ___________________ एकाविहानै, येशू मृत्युबाट ____________ भयो ।

१५. येशू मृत्युबाट बौरिनुले हामीलाई बताउँदछ कि उहाँ साच्चिकै ____________ हुनुहुन्छ ।

१६. येशू मृत्युबाट बौरिनुले हामीलाई बताउँदछ कि उहाँले हाम्रो पापको मोल पूरा पूरा ___________ भयो ।

१७. येशू माथिको ______________ ले, सबै मानिसहश्रको निम्ति उहाँले प्रांप्त गर्नुभएको _____________ को फाईदा हामी लिन सक्छौ ।

१८ येशू मृत्युबाट बौरिनुले हामीलाई बताउँदछ कि उहाँ हामीलाई ______________ को निम्ति _________ हुन्छ ।

१९. हामी यस संसारमा अझपनि ____________ पाउदछौ अनि विरामी पर्दछौ । तापनि हामीलाई ____________ प्रेम गर्नुहुन्छ भन्ने कारणले हामी पीडा मुक्त हँदछौं ।

२०. येशू हामीसँग सदासर्वदा ________________ मा ____________________ चाहनुहुन्छ भन्नेकुरामा हामी पूर्ण विश्वस्त हुन सक्दछौ ।

२१. स्वर्गमा, हामी _________________ हाम्रो उद्धारकर्ताको अनुहार देख्न सक्दछौ अनि उहाँसँग ________________ र ______________ साथ बस्नेछौ ।

२२. म तर यहाँ परदेशी हूँ ; ____________ मेरो घर हो ।

तपाईको उत्तर पेज नं. ८२ मा जाच्नुहोस ।

# शब्दावली

| | |
|---|---|
| **दक्षता** | केह िगर्न सक्ने क्षमता |
| लेखा | लिखित वा मौखिक बिवरण राख्ने कार्य |
| स्वर्गदुत | एउटा आत्मा जो परमेश्वरको सेवा गर्दछ |
| प्रेरित | येशूका १२ चेलाहरु मध्य एक जो येशू सित थियो र अरुलाई येशूको बारेमा सिकाउथे । |
| वायूमण्डल | पृथ्वीको चारैतिर फैलिएको हावाको क्षेत्र |
| अधिकार | केहि गर्ने सक्ने अधिकार |
| आशिषित | परमेश्वरबाट सहायता भएको |
| चुनौती | प्रश्न खडाहुनु |
| चिम्पान्जी | एउटा बादर जो बुदिमान हुन्छ । |
| आज्ञाहरु | जुन व्यवस्थाले दिन्छ |
| सहभागी | संगती, संगसंगै हुनु |
| गर्भधारण | गर्भवती हुनु |
| दोषीठहरयाउनु | कसैलाई दोषी प्रमाणीत गर्नु |

| | |
|---|---|
| अनन्त | अन्त नहुने |
| पुनरुत्थान | मृतक बाट फेरी जीवित हुनु |
| बलीदान | केही थोक चढाउनु, अर्पण गर्नु |
| उद्धारकर्ता | येशू जसले मानिसको उद्धार गर्नु हुन्छ |
| स्वार्थी | अरुको बेीास्था गरेर आफ्नै लागि मात्र चाहनु |
| गोठालो | त्यो जसले भेडाको हेरचाह गर्दछ |
| प्रतिस्थापक | त्यो जसले अर्को व्यक्तिको ठाउँ लिन्छ |
| चिहान | त्यो ठाउँ जहाँ मृत शरिर राखिन्छ |
| त्रिएक | एउटै परमेश्वर तीनवटा व्यक्तित्व, पिता, पुत्र र पवित्रआत्मा एउटै परमेश्वर हुन् । |
| ब्रम्हाण्ड | परमेश्वरले सॄष्टि गर्नुभएको सबै अन्तरिक्ष |
| दाखबारी | अंगुर फलाउने खेत |

# अध्याय परिक्षाका उत्तरहरु

## अध्याय एकको परिक्षाको उत्तरहरु

१ उत्पति, परमेश्वर ; २ त्रिशक्ति, पिता, पुत्र, आत्मा ; ३ शून्य ;
४ सामान्य ; ५ विहानी,साँझ ६ कर्म ७ स्वर्ग/आकाश, पृथ्वी
८ आकाश ९ जमीन,उद्भिदहरु १० सूर्य,ताराहरु ११ माछा, चराहरु
१२ जनावरहरु, आदम १३ धेरै १४ विश्राम ।

## अध्याय दुईको परिक्षाको उत्तरहरु

१ परमेश्वर २ माटो ३ प्राण ४ फूर्तिलो ५ महिला ६ पुरुष, महिला
७ वरदान ८ स्वरुप ९ सेवा १० बँगैचा ।

## अध्याय तीनको परिक्षाको उत्तरहरु

१ मान्न, नमान्न २ अवज्ञा ३ असल ४ धेरै ५ उद्धार ६ स्वर्ग
७ झुठो, हत्यारा ८ झुठो ९ दुख पाओस १० दुष्कर्म ।

## अध्याय चारको परिक्षाको उत्तरहरु

१ असल, खराब २ सबै ३ शैतान ४ आदम ५ बद्लिए ६ शत्रु, मित्र
७ पवित्र ८ मौलिक/ जन्मजात ९ सोच्दछौ, बोल्दछौ, गर्दछौ
१० परिणाम ११ श्रेष्ठ १२ अनेकौ, तरिका १३ फैसला १४ समस्त ।

## अध्याय पाँचको परिक्षाको उत्तरहरु

१ रिसाउनु २ प्रेम ३ सबै, पुत्र ४ अब्राहम ५ उद्धारकर्ता, सजाय
६ मुक्त ७ जन्मनु, पाप ८ इश्वर, मानिस ९ मानिस १० इश्वर
११ येशु, सजाय १२ सकियो १३ गाडियो, आत्मा १४ आईतबार,
बौरिनु १५ परमेश्वर १६ तिर्नु १७ विश्वास, क्षमा १८ जगाउन,
बाँच्नु १९ कष्ट, येशु/ परमेश्वर २० स्वर्ग, बस्न २१ सदासर्वदा,
आनन्द, सुख २२ स्वर्ग ।

# अन्तिम परिक्षा

तपाईले राम्रो गर्नुभयो । तपाईले **परमेश्वरले हाम्रो संसार सृष्टि गर्नुहुन्छ** भन्ने अध्ययन पूरागर्नु भयो । पुस्तकको पछिल्तिर वारपार हेर्नुहोस अनि कुनै अध्यायको परिक्षामा कुनै गल्ति भएको छ छैन जाँच गर्नोस । साथै प्रत्येक अध्यायको उदेश्य माथि विचार गर्नुहोस जब तपाईलाई सबै उदेश्यहरु जान्दछु भन्ने लाग्दछ तब तपाई अन्तिम परिक्षा दिन सक्नुहुनेछ ।

जब तपाई परिक्षा समाप्त गर्नुहुन्छ उत्तरपुस्तिका, जसले यो पुस्तक दिनुभएको हो वहाँलाई परिक्षण गर्नदिनुहोस वा यो पुस्तकको पछिल्तिर दिएको ठेगानामा पठाउनुहोस/मेल गर्नुहोस । तपाईको निम्ति कसैले परिक्षण गरिदिने छ । तपाई अरु पनि यस श्रङखलाका बाइबल अध्ययन पुस्तकहरु माग गर्न सक्नुहुन्छ ।

तपाई तयार हुनुहुन्छ भने, परिक्षालाई पुस्तकबाट अलग गर्नुहोस अनि पुस्तक परै राख्नुहोस । पुस्तक नखोलिकनै परिक्षा दिनुहोस ।

# परमेश्वरले हाम्रो संसार सृजना गर्नुहुन्छ
# अन्तिम परिक्षा

१. ________________ भन्ने पुस्तकले हामीलाई _____________ ले संसारको सृष्टि गर्नुभयो भन्छ ।

२. परमेश्वर __________ हुनुहुन्छ । त्रिशक्तिका यी तीन स्वरुपहरु ; __________ परमेश्वर, _______ परमेश्वर र परमेश्वर पवित्र _____________ हुन ।

३. परमेश्वरले संसारको सृष्टि छ ______________ दिनहरुमा गर्नुभयो ।

४. परमेश्वरले बनाउनु भएको सबथोक _________________ असल थियो ।

५ परमेश्वरले पहिलो मान्छे पृथ्वीको ___________ बाट सृष्टि गर्नुभयो ।

६. परमेश्वरले ____________ को सृष्टि पुरुषबाट गर्नुभयो ।

७. आदम र हव्वालाई परमेश्वरले कति माया गर्नुहुन्छ भन्ने देखाउनको लागि एउटा विशिष्ट ______________ सृष्टि गर्नुभयो ।

८. जब परमेश्वरले स्वर्गदूतहरु सृष्टि गर्नुभयो तिनीहरु परमेश्वरको आज्ञा ___________ वा ___________ सक्षम भए ।

९. शैतान र तिनका अनुयायीहरुले परमेश्वरको ______________ गर्ने बाटो राजे ।

१०. परमेश्वरले ___________ स्वर्गदूतहरुलाई पाप गर्न असम्भव तुल्याईदिनु भयो ।

११. जसले येशु माथि विश्वास गर्दछ उसको ___________ को निम्ति परमेश्वरले असल स्वर्गदूहरु पठाउनुहुन्छ ।

१२. बाइबलले शैतानलाई _____________ र _____________ भनि वर्णन गर्दछ ।

१३ परमेश्वरले आदम र हव्वालाई ___________ र _____________ को ज्ञान छुट्याउने रुखको फल खान निषेध गर्नुभएको थियो ।

१४. परमेश्वरले बगैँचामा भएको अरु रुखको फल आदम र हव्वाले खान सक्नेछन् भन्नुभएको थियो ।

१५. _______________ ले हव्वालाई परमेश्वरको अवज्ञा गर्न उक्सायो ।

१६ हव्वाले केहि फल _______________ दिइन ।

१७. जब आदम र हव्वाले परमेश्वरको अवज्ञा गरे, तिनीहरु _____________ ।

१८. हाम्रो जीवनको प्रारम्भ देखिने हामी परमेश्वरले चाहे जस्तो ______________ मान्छे होइनौ ।

१९. हामी पाप छौ त्यसैले हामी जे पापजन्य छ त्यो _______________ , _____________ अनि _________________ ।

२०. हामीले परमेश्वरको अपरिवर्तनशिल _____________ नर्कमा भोग्नुपर्नेनै छ ।

२१. परमेश्वरले ________________ मानिसहरुलाई पापबाट मुक्ति दिनको निम्ति वहाँको ___________________ पठाउने वचन दिनुभयो ।

२२. येशु कुनै पाप लिएर _____________ पाप भएको थिएन, अनि वहाँले कहिल्यै कुनै ___________ गर्नु भएन ।

२३. येशु सच्चा ______________ र सच्चा ______________ हुनुहुन्थ्यो ।

२४. परमेश्वरले सबै मानिसहरुको पाप __________ मा थोपरिदिनु भयो अनि उनीहरुको निम्ति दिनुभयो ।

२५. ________________ एकाविहानै, येशु मृत्युबाट भयो ।

२६. येशु माथिको ______________ ले, सबै मानिसहरुको निम्ति वहाँले प्राप्त गर्नु भएको ____________ को फाईदा हामी लिन सक्छौ ।

२७ येशु हामी सँग सदासर्वदा ____________ मा _______________ चाहनुहुन्छ भन्ने कुरामा हामी पूर्ण विश्वस्त हुन सक्दछौ ।

२८ .म तर यहाँ परदेशी हुँ; ____________ मेरो घर हो ।

कृपया निम्न विवरण छाप्नुहोला :

नाम

_______________________________________

ठेगाना

_______________________________________

_______________________________________

कृपया यो पाठ्य सामाग्री बारे आफ्नो मन्तव्य ब्यक्त गर्नुहोला ।

___________________________________________

___________________________________________

___________________________________________

___________________________

**बाइबल शिक्षाहरुको श्रेणी**

*यस श्रृंखलाका अरु पुस्तक हरु:*

**येशु नै ख्रिष्ट हुनुहुन्छ**
**बाइबल हाते पुस्तिका**
**परमेश्वरको महान सट्टा भर्ना**
**येसु ख्रिष्टको मृत्यु र पुनरउत्थान**
**क्रिस्तयनहरु के बिश्वास गर्दछन**
**संसारको लागि परमेश्वरको योजना**
**संघर्षशिल अवतार**
**येशुले सिखाउनिभएको वचन हरु**
**बाच्नको लागी स्वतन्त्र**
**येशु परमेश्वरहुनुहुन्छ नराम्रो लत होईन**
**तपाई फेरि जन्मिनु पर्छ**
**परमेश्वरको व्यबस्था**

**बाईबल शीक्षाको श्रेणीको थप पुस्तकहरु चाहिएमा पछाडि को पेजमा दिईएको ठेगानामा पत्राचार गर्नुहोस**

चध्‌ हफगसफधल्सफत्र नफलु
कथफरफध ुगत्र झत्रुफगफम

Multi-Language Productions
Bringing the Word to the World

God Creates Our World - Nepali
Bible Teachings Series
MLP Catalog Number: 385083